३६ औँ वार्षिकोत्सव

ऋण लगानीमा पूर्वाधार
सम्वृद्ध नेपालको आधार

# वार्षिक प्रतिवेदन
# (२०७९/८०)

## नगर विकास कोष

**सम्पर्क**

## नगर विकास कोष

मध्य वानेश्वर, काठमाडौं
पो. ब. न. ५१४४

**टेलिफोन नं.**
०० ९७७ १ ४५९३८६६
०० ९७७ १ ४५६४८७४
०० ९७७ १ ४५८४९५७

**इमेल** : tdf@tdf.org.np

**वेब** : www.tdf.org.np

**सामाजिक संजाल**
facebook.com/Town Development Fund-TDF

**सम्पादक मण्डल**
सृजना खड्का
अनिता शर्मा
नारायण कुमार विसी
सुमन मेहेर श्रेष्ठ

**प्रकाशक**
नगर विकास कोष

**विमोचन मिति**
२०८०-११-०२

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिम प्रकाशित वार्षिक प्रतिवेदन

# विषय सूची


| | | |
|---|---|---|
| १. | कोषको परिचय | १ |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ कोषको दूरदृष्टि (Vision) | २ |
| | १.३ कोषको ध्येय (Mission) | २ |
| | १.४ कोषको मूल मान्यता (Core Value) | २ |
| | १.५ कोषको उद्देश्यहरू | २ |
| | १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार | २ |
| | १.७ कोषको ऐन/नियम/विनियमावली/ निर्देशिकाहरू: | ३ |
| | १.८ कोषको रणनीतिहरू | ३ |
| | १.९ कोषको लगानीका क्षेत्रहरू | ४ |
| | १.१० कोषको सेवाग्राहीहरु | ५ |
| | १.११ कोषको ऋण लगानीका विधिहरु | ५ |
| | १.१२ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजातहरु (Documents for Application): | ६ |
| | १.१३ लगानीका स्रोतहरू: | ६ |
| २. | आ.व. ०७९/८० मा कोषद्वारा सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा | ७ |
| | २.१ नगर विकास कार्यक्रम (Town Development Program) | ७ |
| | २.२ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Develoment Project) | ७ |
| | २.३ शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (Urban Water Supply and Sanitation Sector Project –UWSSSP) | ११ |
| | २.४ खानेपानी तथा सरसफाई कार्यक्रम (सह-लगानी) : | १३ |
| ३. | कोषको ऋण असुली अवस्था: | १६ |

४. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू २२

४.१ नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमः २२

४.२ संयुक्त राष्ट्र पूँजी विकास कोषसँगको सहकार्य (United Nations Capital Development Fund) २४

४.३ हरित जलवायु कोष (Green Climate Fund) २५

५. संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापन २७

६. अनुगमन तथा मुल्याङ्कन ३३

७. कोषको वित्तीय अवस्था ३४

८. कोषको भावी योजना ३६

९. नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पूँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र ३७

१०. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू ५४

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

नगर विकास कोष स्थापनाको ३६ औं वर्षमा प्रवेश गरेको जानकारी पाउँदा मलाई खुशी लागेको छ।

मुलुकले संघीय प्रणालीलाई अवलम्बन गरेसँगै देशलाई समृद्ध बनाउने अभियानलाई मूल प्राथमिकतामा राखी सरकारले नागरिकको सामाजिक सुरक्षा, मुलुकको आर्थिक विकास तथा दिगो शहरी पूर्वाधार विकासका लागि दीर्घकालीन तथा अल्पकालीन नीति, रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिरहेको छ। आजको एक्काइसौं शताब्दीमा उत्कर्षमा पुगेको आधुनिकीकरणलाई पछ्याउँदै हाम्रा पूर्वाधार जीवन्त, उत्थानशील र मानवमुखी बनाउनु आजको आवश्यकता हो। मुलुकको विद्यमान वित्तीय स्रोतबाट पूर्वाधार विकासका लागि आवश्यक पर्ने पुँजी अपुग हुने हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैकल्पिक स्रोत तथा नवीकरणीय वित्तीय उपकरण परिचालन गर्न आवश्यक छ। त्यसै अनुरुप दीर्घकालीन रुपमा मिश्रित ऋण लगानी विधिबाट शहरी पूर्वाधार विकास गर्दै स्थानीय तहहरुको क्षमता विकासमा यस कोषले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ।

राष्ट्रले लिएको दिगो विकास लक्ष्य तथा शहरी पूर्वाधार विकासको राष्ट्रिय लक्ष्य पुरा गर्न परम्परागत विकास मोडल तथा आर्थिक स्रोतका अतिरिक्त सरकारी क्षेत्र, निजी क्षेत्र, अन्तराष्ट्रिय तथा स्थानीय पुँजी बजारको स्रोत परिचालन गर्नुपर्ने आवश्यकता देखिन्छ। शहरीकरणको तीव्र विस्तारले नगरपालिकाहरुको पूर्वाधार निर्माण चुनौतीपूर्ण बन्दै गएको छ। यस अवस्थामा प्रदेश सरकार, स्थानीय सरकार र सङ्गठित निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा आवश्यक वित्तीय स्रोत परिचालन गर्न नेपाल सरकारले कोषको "कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" स्वीकृत गरेको छ। स्वीकृत रणनीति पत्र बमोजिम नगर विकास कोषलाई संघ, प्रदेश, स्थानीय तह र वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गर्न नगर विकास कोष ऐन, २०५३ मा आवश्यक संशोधन प्रक्रिया अगाडि बढाइएको छ।

शहरी विकासका बहु-आयामिक पक्षलाई मध्यनजर गरी कोषले आगामी दिनमा पूर्वाधार निर्माणमा लगानी तथा प्राविधिक सेवा प्रदान गर्दै शहरहरूलाई जीवन्त तथा वातावरणमैत्री बनाउन नेतृत्वदायी भूमिका खेल्नुपर्दछ। यस सन्दर्भमा, मुलुकको समग्र आर्थिक विकासमा नेतृत्वदायी वित्तीय मध्यस्तकर्ता संस्थाको रुपमा योगदान दिई मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन कोष प्रतिबद्धताका साथ लाग्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, नगर विकास कोषको ३६ औं वार्षिकोत्सवका अवसरमा कोषको उत्तरोत्तर प्रगतिका लागि सम्बद्ध सबैमा शुभकामना व्यक्त गर्दछु।

पुष्पकमल दाहाल 'प्रचण्ड'

१९ माघ, २०८०
ने.सं. ११४४, पोहेला गा, ससमी

**मा. सीता गुरुङ**
**मन्त्री**
**शहरी विकास मन्त्रालय**
**सिंहदरबार, काठमाडौं, नेपाल**

**Hon'ble Sita Gurung**
**Minister**
**Ministry of Urban Development**
**Singhadurbar, Kathmandu, Nepal**


पत्र संख्या/Let.No.:
चलानी नं. /Ref.No.:

नेपाल सरकार शहरी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

**शुभकामना**



२०८०/१०/२३

मुलुकमा शहरी पूर्वाधार विकासमा वित्तीय साधन परिचालनको उद्देश्य लिएर स्थापित नगर विकास कोषले आफ्नो स्थापनाको ३५ बर्ष पूरा गरी ३६ औं बर्षमा प्रवेश गरेको सन्दर्भमा कोषले आफ्नो गतिविधि समेत समावेश गरी वार्षिक प्रतिवेदन प्रकाशित गर्न लागेकोमा खुसी छु।

शहरहरु आर्थिक बृद्धिका इन्जिन हुन् । शहरहरु सेवा, सुविधा, सुरक्षा र अवसरको केन्द्र हुन् । शहरमा रहने यी विशेषताहरुका आधारमा नै शहरहरु गाउँबाट भिन्न हुन्छन् । शहरी आकर्षण बढ्नुका पछि पनि यिनै तत्त्वहरु रहेका छन् । शहरमा रहने यिनै कुराहरुले नै विकास गतिविधि र जनसाङ्ख्यिक संरचनालाई गतिशील बनाएको हुन्छ । शहर संस्कृति र सभ्यताको धरोहर पनि हो । नेपालमा शहरीकरणको प्रक्रिया तीव्र छ । तर शहरी पूर्वाधार सेवा संरचना स्थापनाका लागि वित्त परिचालन गर्ने क्षमता भने अपेक्षाका तुलनामा कम छ । शहरी पूर्वाधार संरचनाहरु स्थापनामा वित्तीय सहकार्य गर्ने उद्देश्यले साविकमा नगर विकास कोष समिति नाममा स्थापित भै हाल नगर विकास कोषका रुपमा रहेको यस वित्तीय संस्थाले नगरपालिकाका विभिन्न शहरी पूर्वाधार संरचना स्थापना गर्न वैकल्पिक वित्तीय उपकरणमार्फत सहकार्य गर्दै आएको छ। कोष विशुद्ध वित्तीय संस्था नभै शहरी वित्तीय सहकार्यको प्राविधिक निकाय पनि हो । आफूले वित्तीय सहकार्य गर्ने क्षेत्रका आयोजनाहरुमा प्राविधिक तथा वित्तीय जोखिम विश्लेषणमा समेत कोष चनाखो रहनु पर्ने अवस्था छ भने प्राथमिक सरोकारका नगरपालिकाहरुको विश्वास जित्नुपर्ने चुनौती पनि कोषसँग छ ।

शहरी विकास तथा सेवा व्यवस्थापनमा लगानी गर्ने अन्य वित्तीय संस्थाहरु विकास भैसकेका छैनन् । व्यापारिक बैंकहरु शहरी पूर्वाधार संरचनामा लगानी गर्ने प्राथमिकतामा छैनन् । संघीय सरकारबाट उपलब्ध गराइएको वित्तीय समानीकरण तथा कार्यक्रम अनुदान र नगरपालिकाको आफ्नो राजस्व संरचनाले बढ्दो शहरी वित्तको माग पूरा गर्न सक्ने अवस्थामा छैनन् । यसर्थ नेपालको सन्दर्भमा यो नै एकमात्र शहरी वित्तीय निकाय हो । कोषबाट ऋण तथा अनुदान प्राप्त गर्न पनि क्षमता र सामर्थ्य आवश्यक हुन आउँछ । कोष वित्तीय निकाय भएकाले यसले लगानी गरेको कोषको उत्पादनशील उपयोग नभएमा कोषले सहयोग गर्न सक्तैन । साथै यसले सरकार, नगरपालिका र उपभोक्ताबीच साझेदारी सूत्रको रुपमा समेत काम गर्ने जिम्मवारी पनि कोषमा छ । त्यति मात्र होइन, बहुराष्ट्रिय वित्तीय संस्था र नगरपालिकाबीचको मध्यस्थकर्ता बनी शहरी पूर्वाधार व्यवस्थापनमा सहजीकरण गर्नु पनि कोषको कार्य हो। कोषले लगानीमा रहने प्राविधिक तथा वित्तीय जोखीमको व्यवस्थापन गर्दै दिगो सहरी वित्तीय निकायको रुपमा रहनुपर्ने आवश्यकता छ । यसतर्फ कोष सजग रहने विश्वास लिएको छु । साथै वित्तीय सहकार्यका नयाँ क्षेत्रहरुको पहिचान गर्न समेत कोषले ध्यान दिने विश्वास लिएको छु। अतः मन्त्रालयले कोषको कार्य क्षेत्र विस्तृतीकरण एवम् पुजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र स्वीकृत गराईसकेको छ। स्वीकृत रणनीति पत्र बमोजिम विद्यमान नगर विकास कोष ऐन २०५३ को ससोधनको प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्याई कोषको कार्यक्षेत्र प्रदेश सरकार एवम् गाउँपालिकाहरुमा समेत विस्तार गर्ने लक्ष्य लिएको छ।

अन्तमा कोषको उद्देश्य पूरा गर्न आवश्यक नीतिगत तथा संस्थागत समन्वय र सहजीकरण मन्त्रालय र स्वयम् मबाट समेत हुने कुरा व्यक्त गर्दै आगामी दिनमा कोषको उत्तरोत्तर सफलताको कामना गर्दछु।

सीता गुरुङ
मन्त्री
शहरी विकास मन्त्रालय

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-



## शुभकामना

योजनावद्ध शहरी पूर्वाधार विकासका आयोजनामा ऋण तथा अनुदान परिचालन गरी दिगो पूर्वाधार विकास र स्थानीय तहको क्षमता विकासमा सहयोग गर्न स्थापना गरिएको नगर विकास कोष ३५ औं वर्ष पूरा गरी ३६ औं वर्षमा प्रवेश गरेको अवसरमा आ.व.२०७९।८० को वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु ।

शहरी विकास मन्त्रालयले मुलुकको समग्र शहरी विकासका लागि नयाँ राष्ट्रिय शहरी नीति नेपाल सरकारबाट स्वीकृत गराई प्रभावकारीरुपमा कार्यान्वयन गराउन शहरी विकास ऐन बनाई लागु गर्न गैरहेको वर्तमान सन्दर्भमा शहरी पूर्वाधार विकास लागि विभिन्न वित्तीय स्रोतहरु परिचालनको ढोका खुल्ने विश्वास लिएको छु ।

हाल शहरीकरणको तिव्र विस्तारसँगै दिगो पूर्वाधार विकासको महत्व बढ्दै गएकोले राष्ट्रिय शहरी विकास रणनीतिलाई अवलम्वन गर्दै नगर विकास कोषले स्थानीय तहहरुको सामाजिक तथा आर्थिक पूर्वाधारहरु निर्माणका लागि वित्तीय स्रोत परिचालन तथा क्षमता विकासका लागि प्राविधिक सहयोग गरी मुलुकको शहरी पूर्वाधार विकासमा योगदान पुऱ्याएको छ ।

वर्तमान सन्दर्भमा प्रदेश सरकार एवम् स्थानीय सरकारहरुलाई पूर्वाधारको दिगो विकास तथा विस्तार गर्नका लागि आवश्यक पर्ने वित्तीय एवम् प्राविधिक सहयोग पुऱ्याउने एक व्यावसायिक संस्थाको आवश्यकता देखिएकोले नगर विकास कोषको रुपान्तरणका लागि "नगर विकास कोषको कार्य क्षेत्र विस्तृतिकरण एवम् पूँजी पुनःसंरचना सम्वन्धी रणनीति पत्र" नेपाल सरकारले स्वीकृत गरी आ.व. २०८०।८१ को बजेट बक्तव्यको बुँदा नं. ३३२ मा नगर विकास कोषलाई संघ, प्रदेश, स्थानीय तह र वित्तीय संस्थाहरुको समेत स्वामित्व रहने गरी पुनर्संरचना गर्न कानूनी प्रवन्ध मिलाईने उल्लेख भए अनुसार विद्यमान नगर विकास कोष ऐन, २०५३ संशोधन गर्न मन्त्रालय प्रतिवद्ध छ ।

अन्तमा, नगर विकास कोषले मुलुकको संघीय संरचनाको आधारमा व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने विश्वास व्यक्त गर्दै ३६ औं वार्षिकोत्सवको अवसरमा कोषसँग सहकार्य गर्नुहुने विकास साझेदारहरु, स्थानीय सरकारहरु र साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मणि राम गेलाल
सचिव
शहरी विकास मन्त्रालय
एवम् अध्यक्ष, नगर विकास कोष

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेवसाइट: www.moud.gov.np

# नगर विकास कोष

पोष्ट वक्स नं. : ५१४४
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ४५२३८६६, ४५६४८७४, ४५६५६५१
फ्याक्स नं. ००९७७-१-४५७१२२७
इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np

पत्र संख्या :
चलानी नं. :



## प्रतिवद्धता

नगर विकास कोष वि.सं. २०४५ सालमा स्थापना भई हाल देशका ८९ वटा नगरपालिकाहरु र ११० वटा साना शहरहरुमा सेवा विस्तार भईसकेको र निरन्तर विस्तारको क्रममा रहेको छ। शहरी पूर्वाधारका विभिन्न आयोजनाहरु बसपार्क, कृषि बजार, नगरपालिका प्रशासकीय भवन, विद्यालय भवन, बहुतले पार्किङ, अस्पताल भवन, खानेपानी, ढल निर्माण, व्यापारिक भवन, फोहोर मैला व्यवस्थापन, जग्गा विकास, सडक आदि लगायत करिब १४०० वटा आयोजनाहरुमा ऋण, अनुदान तथा प्राविधिक सहयोग प्रदान गर्दै सफल रुपमा सम्पन्न गरी ३६ औं वर्षमा प्रवेश गरेको छ ।

कोषले नेपाल सरकार, जर्मन विकास बैंक, एशियाली विकास बैंक, विश्व बैंक, युरोपियन युनियन तथा अन्य विकास साझेदारहरुको वित्तीय तथा प्राविधिक सहयोग परिचालन गर्दै आएको छ। कोषले गर्ने लगानीका लागि नेपाल सरकारबाट लिएको ऋण नियमितरुपमा नेपाल सरकारलाई तिर्नु पर्ने साँवा तथा व्याज भुक्तानी गरिरहेको र ऋण असुली सन्तोषजनक रुपमा गरिरहेको छ ।कोषमा लगानीका लागि प्राप्त भएका प्रस्तावित आयोजनाको मागलाई मध्येनजर राख्दा कोषका नियमित किसिमका वित्तीय स्रोतले मात्र नपुग हुने भएकाले लगानीका अन्य विधिहरु अवलम्बन गर्दै आएको छ। अन्तर्राष्ट्रिय संघ संस्थाबाट वित्तीय स्रोत परिचालन गर्ने उद्देश्यले हरित जलवायु कोष (GCF)को मानक(Accredited) संस्था हुनका लागि प्रकृया दोस्रो चरणमा अगाडि बढेको छ ।

नेपालको शहरीकरण तिव्ररुपमा बढिरहेको वर्तमान अवस्थामा व्यवस्थित, उत्थानशिल तथा आर्थिक रुपमा चलायमान शहरहरुको अपरिहार्यता बढ्दै गईरहेको छ। शहरी परिवेशका बहुआयामिक पक्षहरु थप हुँदै गईरहेका छन् ।यसबाट अवसर र चुनौतिहरु पनि थपिदै गएका छन्। एकीकृत विकासको दृष्टिकोणबाट अबका विकास निर्माणका विधि र वित्तीय स्रोत परिचालनका अवधारणालाई समय सापेक्ष नबनाएमा आशातित उपलब्धी हासिल हुन नसक्ने देखिन्छ। विकास साझेदारहरु वैकल्पिक स्रोतहरु परिचारलबाट प्रतिफलमुखी पूर्वाधार निर्माणमा जोड दिइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपालले पनि राष्ट्रिय रुपमा ऋण लगानी नीति (Debt Financing Policy) तयार गरी शहरी पूर्वाधार निर्माणका लागि मिश्रित लगानी (Blended Finance) अवधारणा अवलम्बन गर्न जरुरी देखिन्छ ।


अतः विद्यमान संघीय संरचना, पूवार्धार निर्माणका लागि आवश्यक पुँजी परिचालन, नीजि क्षेत्रको सहभागिता सहित आर्थिक, सामाजिक तथा आधारभूत पूर्वाधार विकासमा दीर्घकालीन ऋण तथा अनुदान लगानी गर्न नेपाल सरकारबाट स्वीकृत नगर विकास कोषको कार्य क्षेत्र विस्तृतिकरण एवम् पुँजी पुनः संरचना सम्बन्धी रणनीति—पत्र बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र वित्तीय संस्थाहरुको समेत शेयर स्वामित्व रहने गरी अधिकृत पुँजी रु. ५० अर्ब, जारी पुँजी रु. ५० अर्ब र चुक्ता पुँजी रु. २० अर्ब हुने गरी नगर विकास कोषको पुनःसंरचना गर्न नगर विकास कोष ऐन, २०५३ को संशोधित ऐन स्वीकृतीका लागि कानूनी प्रक्रिया आगाडि बढाईएको छ ।

अन्तमा, कोषको ४ वर्षिय (आ.व. ०७७/७८–०८०/८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने र कोषको पुनःसंचनाको कानुनी प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्याउने प्रतिवद्धता व्यक्त गर्दै कोषलाई सहयोग गर्नुहुने नेपाल सरकार, विकास साझेदारहरु, स्थानीय सरकारहरु, साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु र सम्बन्धित विभिन्न संघ संस्थाहरुलाई कोषको तर्फबाट विशेष धन्यवाद दिन चाहान्छु ।

२४।१०।२०८०

कृष्ण प्रसाद सापकोटा
कार्यकारी निर्देशक
२४ माघ, २०८०


# संगठन संरचना


संचालक समिति
उप-समिति
कार्यकारी निर्देशक
सचिवालय एवं योजना अनुगमन तथा मूल्यांकन केन्द्र
आन्तरिक लेखा परीक्षण
सुचना व्यवस्थापन शाखा
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
अनुसन्धान तथा विकाश
आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग
वित्त तथा मानव संशाधन विभाग
व्यवसाय प्रबर्द्धक तथा आयोजना विकास महाशाखा
आयोजना अनुगमन तथा सुपरिबेक्षक व्यवस्थापन महाशाखा
प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा
आयोजना मूल्याङ्कन महाशाखा
वित्त तथा कोष व्यवस्थापन महाशाखा
मानव संशाधन महाशाखा
ग्राहक सम्बन्ध तथा सानिसा प्रबर्द्धन शाखा
आयोजना विकास शाखा
खरिद सेवा सहयोग शाखा
आयोजना अनुगमन शाखा
तालिम तथा क्षमता अभिबृद्धि शाखा
आयोजना मूल्याङ्कन शाखा
लगानी तथा असुली शाखा
लेखा शाखा
प्रशासन शाखा
जिन्सी तथा खरिद शाखा

# सञ्चालक समिति



अध्यक्ष
**मणिराम गेलाल**
सचिव
शहरी विकास मन्त्रालय



सदस्य
**रण बहादुर राई**
नगर प्रमुख, सूर्योदय न.पा.



सदस्य
**प्रदिप कुमार यादव**
नगर प्रमुख, वौधिमाई न.पा.



सदस्य
**मिना कुमारी लामा**
नगर प्रमुख, हेटौडा उप-महान.पा.



सदस्य
**धनराज आचार्य**
नगर प्रमुख, पोखरा महान.पा.



सदस्य
**जोगराज चौधरी**
नगर प्रमुख, लमही न.पा.



सदस्य
**धनकुमारी शाही**
नगर उप-प्रमुख, आठविसकोट न.पा.



सदस्य
**सुशिला शाही**
नगर प्रमुख, लम्कीचुहा न.पा.



सदस्य
**ईश्वरी प्रसाद अर्याल**
सह-सचिव, अर्थ मन्त्रालय



सदस्य
**सुमन दहाल**
सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



सदस्य
**किरण पण्डित**
अर्थ विज्ञ



सदस्य
**ई. रवि भुषण झा**
प्राविधिक विज्ञ



सदस्य
**रन्जु कुमारी साह**



सदस्य
**हिक्मत जंग कार्की**



सदस्य
**डा. रूद्र प्रसाद घिमिरे**



सदस्य सचिव
**कृष्ण प्रसाद सापकोटा**
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

सुरक्षित, स्वच्छ, व्यवस्थित, आर्थिकरूपमा गतिशील र सुन्दर शहरहरू नै सुरक्षित र सम्वृद्ध मानव वस्तीका पहिचान हुन । हाल विश्वव्यापीरूपमा तिव्ररूपमा बढ्दै गएको शहरीकरणसँगै नेपालको शहरी जनसख्या समेत कूल जनसंख्याको ६६.८ प्रतिशत पुगिसकेको वर्तमान परिप्रेक्ष्यमा विद्यमान शहरहरू लगायत भविष्यमा निर्माण हुने शहरहरूमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धता सहित शहरी जीवनस्तरमा सुधार ल्याउन भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरूको गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ ।

नगर विकास कोष विगत ३५ वर्ष देखि नगरहरूमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धता तथा शहरी जीवनस्तरमा सुधार ल्याउन नगरहरूको सामाजिक तथा आर्थिक पूर्वाधारहरूको निर्माण, विकास तथा विस्तारमा स्थानीय सरकार, साना शहर एवम् शहरी विकाससँग सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै सरकारको वित्तीय मध्यस्थकर्ता संस्थाकारूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । कोषले स्थापनाकाल वि.स. २०४५ देखि हालसम्म देशका ८९ वटा नगरपालिका तथा ११० वटा साना शहरहरूमा साना ठूला गरी करीब १४०० वटा आयोजनाहरूमा जम्मा रू. १३ अर्व ७५ करोड ऋण र रू. २ अर्व ५० करोड अनुदान गरी जम्मा रू. १५ अर्व २५ करोड परिचालन गर्दै पूर्वाधार विकासमा ऋण लगानी (Debt Financing) का अवधारणालाई प्रवर्द्धन गर्दै निरन्तररूपमा अगाडि बढिरहेको छ । ।

आ.व. ०७९/८० मा नेपाल सरकार मन्त्रिपरिषद् बैठकबाट कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्रको स्वीकृती, कोष सञ्चालक समितिबाट "लगानी विनियमावली, २०७९" र "ऋण असुली विनियमावली, २०७९ को स्वीकृतीलाई महत्वपूर्ण उपलब्धीको रूपमा लिईएको छ । यी महत्वपूर्ण दस्तावेजहरूले कोषलाई मुलुकको संघीय संरचना अनुसार प्रदेश सरकार तथा स्थानीय सरकारमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न सक्ने व्यावसायिक वित्तीय संस्थाको रूपमा स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ । आ.व. २०७९/८० मा कोषको लगानी विस्तार गर्ने नीति रहेसँगै कोषबाट गरिने लगानीका क्षेत्रहरूका आधारमा मिति २०८० बैशाखबाट लागु हुने गरी ब्याजदरमा भएको परिवर्तनले आगामी वर्षमा कोषको लगानी विस्तार हुने अपेक्षा गरिएको छ ।

आ.व. ०७९/८० मा नेपाल सरकार तथा दातृ निकायहरूको वित्तीय सहयोगमा सञ्चालित बहुवर्षीय आयोजनाका साथसाथै कोषको ईक्विटीलाई पनि अधिकतम् परिचालन गरी शहरी पूर्वाधारका आयोजनाहरूमा कुल रू. २ अर्व ३५ करोड ८९ लाख ८४ हजार लगानी गर्ने लक्ष्य राखिएकोमा रू. १ अर्व १२ करोड ११ लाख ऋण र १ करोड ८९ लाख ५३ हजार अनुदान गरी जम्मा रू. १ अर्व १४ करोड ५५ हजार लगानी भई लक्ष्यको ४८ प्रतिशत प्रगति हासिल भएको छ । कोषले निर्धारण गरेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा नगरपालिकाको आयोजना तयारी, खरिद प्रक्रिया, निर्माण व्यवस्थापन, करार प्रशासन जस्ता विषयमा क्षमता अभावले गर्दा स्वीकृत आयोजनाको बोलपत्र सम्बन्धी प्रक्रियामा ढिलाई, पूर्वाधार विकासका संरचनाको निर्माणका लागि प्रस्तावित जग्गाहरूको स्वामित्व सम्बन्धी समस्या जस्ता विविध कारणले प्रत्यक्षरूपमा असर पर्न गयो । तथापि लक्षित कार्यक्रमहरूलाई अगाडी बढाउन सम्बन्धित निकायहरूसँगको सहकार्यलाई निरन्तर रूपमा अगाडि बढाईएको छ ।

यस आ.व. मा स्थानीय सरकारको पूर्वाधार विकासका लागि शहरी पूर्वाधारतर्फ रू. ४० करोड २२ लाख र खानेपानी आयोजना तर्फ रू. ५७ करोड ६३ लाख ऋण बराबरका नयाँ आयोजनाहरूको स्वीकृती सहित कूल रू. ९७ करोड ८५ लाख बराबरका आयोजनाहरू स्वीकृती भई ऋण सम्झौता सम्पन्न भएको छ ।

कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र दातृ संस्थाहरूबाट प्राप्त हुने अनुदान आम्दानी समेतवाट आ.व. २०७९/८० मा कूल रू. ९१ करोड ९४ लाख ७५ हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रू. ८३ करोड ९७ लाख ६२ हजार आम्दानी हुन गई लक्ष्यको ९१ प्रतिशत प्रगति हासिल भएको छ ।

आ.व. २०७९/८० मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर सञ्चालन खर्चतर्फ कूल रू. ४५ करोड १४ लाख ८० हजार खर्च हुने अनुमान गरिएकोमा कूल रू. २८ करोड ३४ लाख ९४ हजार खर्च भई अनुमानको ६३ प्रतिशत खर्च हुन गएको छ । आ.व. ०७९/८० मा कर वापत रू. १० करोड ५६ लाख १७ हजार नेपाल सरकारलाई भुक्तानी गरी रू. ४५ करोड ६ लाख ५२ हजार खुद वचत हुन गएको छ ।

नगरहरूको पूर्वाधार विकासमा ऋण लगानी र असुलीको जिम्मेवारी प्राप्त सरकारको एक मात्र वित्तीय मध्यस्थकर्ता कोषले आफ्नो ऋण असुलीमा प्रभावकारिता ल्याउन आ.व. ०७९।८० मा कोषको ऋण असुली विनियमावली, २०७९ कार्यान्वयन गरेसँगै कोषले आ.व. ०७९।८० मा साँवा तथा व्याज गरी जम्मा रू. १ अर्व ७१ करोड ७६ लाख १५ हजार असुल हुनुपर्नेमा रू. ८६ करोड ६२ लाख २७ हजार (५०.४३%) असुल भएको छ ।

कोषले नगरपालिकाहरूको शहरी पूर्वाधार विकासमा वित्तीय सहायता उपलब्ध गराउन स्रोत व्यवस्थापनका लागि नेपाल सरकारबाट ऋण प्राप्त गर्दै आईरहेकोमा आ.व. ७९।८० मा नेपाल सरकारलाई साँवा तथा ब्याज वापत रू. ३२ करोड १३ लाख २ हजार भुक्तानी गर्ने लक्ष्य रहेकोमा ३७ करोड ४८ लाख ५६ हजार भुक्तानी गरिएको छ ।

नेपाल सरकारको ईक्विटी, नगर विकास कोषको जगेडा/वचत कोष, चक्रिय कोष, कोषले लगानी गरेको उठ्न बाँकी ऋण समेत गरी आ.व. २०७९/८० को लेखा परिक्षण पछि कोषको पुँजी रू. ६ अर्व ६१ करोड ९४ लाख ५१ हजार भएकोमा व्यवस्थापनले तयार पारेको वित्तीय प्रतिवेदन अनुसार आ.व. २०७९/८० मा रू. ६० करोड ५३ लाख ९४ हजार थप भई कोषको कूल पुँजी रू. ७ अर्व २२ करोड ४८ लाख ४४ हजार पुगेको छ ।

"नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" ले कोषलाई पूर्ण स्वायत्त एवम् व्यावसायिक रूपमा सञ्चालन गर्न, कार्य क्षेत्र विस्तार गर्न, पुँजीगत पुनर्संरचना गर्न, सञ्चालक समितिको पुनर्संरचना गर्न, व्यवस्थापकीय पुनर्संरचना गर्न, लगानीको सुरक्षण गर्न र नियमन सम्बन्धी व्यवस्था गर्न कोषको कानूनी पुनर्संचना लगायतको लक्ष्य निर्धारण गरेसँगै कोषको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनको प्रक्रिया अगाडि बढाईएको छ ।

**कोषले आ.व. ०७९।८० मा कोषका सेवाग्राहीहरूको लागि** खरिद व्यवस्थापन, आयोजनाको बीमा सम्बन्धी अभिमुखीकरण, विलिङ तथा एकाउन्टिङ सफ्टवेयर, जलवायु अनुकूल र दिगो सहरी पूर्वाधार, Participatory Planning and Budgeting Process, सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन लगायतका तालिम तथा कार्यशाला गोष्ठीहरू सञ्चालन गरी कोषका सेवाग्राहीहरूलाई क्षमता अभिवृद्धिका कार्यक्रम समेत सम्पन्न गरेको छ ।


आ.व. ०७९।८० मा कोषले ए.डि.वी., युरोपियन युनियन, यु.एन.सि.डि.एफ. जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरूको प्राविधिक सहयोगलाई कोषको संस्थागत विकास तथा नगरपालिकाहरूको संस्थागत क्षमता अभिवृद्धि सहित आयोजनाको विकास तथा तयारीका लागि परिचालन गर्न सफल भयो । अन्तराष्ट्रिय संस्था CITYNET (The Regional Newtowrk of Local Authority for the Management of Human Settlements) सँग आवद्ध भई कोषको लगानी प्रवर्द्धन, सह्रशताब्दी लक्ष्य प्राप्ती तथा क्षमता अभिवृद्धिमा सहकार्यका लागि कोषले सदस्यता प्राप्त गरी CITYNET सँग आवद्ध भएको छ ।

व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक संम्वृद्धिका लागि संघीय संरचना अनुसारका प्रदेश सरकार तथा स्थानीय सरकारमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि वैकल्पिक उपकरणहरू परिचालन गर्नुपर्ने वर्तमान अवस्थामा कोषलाई सार्वजनिक ऋण परिचालन गर्नसक्ने सवल वित्तीय संस्था बनाउन आवश्यक छ । नेपाल सरकारको आ.व. ०८०/८१ को बजेट तथा कार्यक्रमले समेत नगर विकास कोषलाई संघ, प्रदेश र स्थानीय सरकार एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गर्न कानूनी प्रबन्ध मिलाउने" लक्ष्य निर्धारण गरेसँगै नगर विकास कोष ऐन, २०५३ मा संशोधनको प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याई कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुन:संरचना गर्न नितान्त आवश्यक छ ।


## नगर विकास कोष

### आ.व. ७९।८० को लगानी, असुली र भुक्तानीको अवस्था


**(क) आ.व. २०७९।८० मा विभिन्न कार्यक्रम अन्तर्गत स्वीकृत रकम (कूल रू. ९७ करोड ८५ लाख)**





**(ख) आ.व. २०७९।८० मा कोषको विभिन्न कार्यक्रम अन्तर्गत गरिएको लगानी (कुल रू. १ अर्ब १४ करोड )**



(ग) आ.व. २०७९/८० को साँवा तथा व्याज असुली रू. ८८ करोड ६२ लाख




(घ) आ.व. २०७९/८० मा नेपाल सरकारलाई गरेको भुक्तानी रू. ३२ करोड १३ लाख



# १. कोषको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा नगरहरूको निर्माण, विकास तथा विस्तार एवम् नगरहरूमा आधारभुत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न गराउन तथा त्यस्तो सेवा तथा आयोजना सञ्चालन गर्ने नगर विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गरी व्यवस्थित ढङ्गले नगरको निर्माण गर्ने गराउने अभिप्रायले वि.सं. २०४५ फाल्गुण २ गते नेपाल सरकारको करीब रू. १ करोड २९ लाखको ईक्वीटी पुँजीबाट नगर विकास कोष समितिको रूपमा स्थापना भएको हो । तत्पश्चात वि.सं. २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्थाको रूपमा क्रियाशिल रहेको कोषले विगत ३५ वर्ष देखि नगर विकाससँग सम्बन्धित निकायहरूको पूर्वाधार विकासका लागि ऋण तथा अनुदान प्रवाह एवम् क्षमता विकासका लागि प्राविधिक सहायता प्रदान गर्दै आएको छ । कोष नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार हाल शहरी विकास मन्त्रालय अन्तर्गत रही राष्ट्रिय शहरी नीति र राष्ट्रिय शहरी विकास रणनीति तथा नेपाल सरकारको दिगो विकास लक्ष्य प्राप्तिमा समेत आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । कोष संघ, प्रदेश र स्थानीय सरकार एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी शहरी पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने एक स्वायत्त एवम् दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दुरदृष्टि रहेको छ ।

सुरक्षित, स्वच्छ, व्यवस्थित, आर्थिक रूपमा गतिशील र सुन्दर शहरहरू नै सुरक्षित र सम्वृद्ध मानव वस्तीका पहिचान हुन । मुलुक संघीयतामा अगाडि बढेसँगै संघ प्रदेश र स्थानीय सरकारमा शहरी पूर्वाधार विकासका लागि ठूलो लगानीको आवश्यकता रहेको छ जसका लागि प्रयाप्त लगानी जुटाउनु अत्यावश्यक भैसकेको छ । स्थानीय सरकारको आय भन्दा लगानीको आवश्यकता निकै बढी भएको वर्तमान अवस्थामा सङ्घीय संरचना अनुसार स्थानीय सरकारमा निर्माण हुने शहरी पूर्वाधार विकासका संरचनाहरू निर्माणका लागि वित्तीय स्रोत (ऋण तथा अनुदान) परिचालन गर्न थप क्षेत्राधिकार र ठूलो पुँजी संरचना सहित कोष एक स्वायत्त एवम् दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दुरदृष्टि रहेको छ ।

कोषले आफ्नो स्थापनाकाल देखि नेपाल सरकार तथा विभिन्न अर्न्तराष्ट्रिय विकास साझेदारहरु (विश्व बैंक, जि.टी.जेड, जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.), एसियाली विकास बैंक, युरोपियन युनियन, यु.एन.सि.डि.एफ.) को वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी परिचालन गरी हालसम्म देशका ८९ वटा नगरपालिका तथा ११० वटा साना शहरहरूमा साना ठूला गरी करीब १४०० वटा साना सहरहरूमा आयमुलक तथा सामाजिक पूर्वाधारहरूका बसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरन्जन पार्क, फोहरमैला व्यवस्थापन, सतह ढल, खानेपानी, सडक र जग्गा विकास लगायतका आयोजनाहरूमा १५ अर्व २४ करोड ५९ लाख रकम बराबर ऋण तथा अनुदान परिचालन गर्दै नगरहरूको पूर्वाधार विकासमा सरकारको वित्तीय मध्यस्थकर्ता संस्थाकारूपमा प्रमुख कार्य गर्दै आएको छ । आ.व. २०७९/८० को अन्त्य सम्मको कूल उठाउन बाँकी ऋण लगानी (पुँजीकृत ब्याज सहित) रू. रू. १० अर्व ३१ करोड ४६ लाख ८ हजार रहेको छ । आ.व. २०७९/८० को अन्त्यसम्म साँवा तथा व्याज गरी जम्मा रू. ८ अर्व २१ करोड ६० लाख असुल हुनुपर्नेमा आ.व. २०७९/८० को अन्त्य सम्ममा साँवा र ब्याज गरी रू. ७ अर्व १५ करोड ४४ लाख असुल भएको छ ।

नेपाल सरकारको ईक्विटी, नगर विकास कोषको जगेडा/बचत कोष, चक्रिय कोष, कोषले लगानी गरेको उठ्न बाँकी ऋण समेत गरी व्यवस्थापनले तयार पारेको वित्तीय प्रतिवेदन अनुसार आ.व. २०७९/८० मा रू. ६० करोड ५३ लाख ९४ हजार थप भई कोषको कूल पुँजी रू. ७ अर्व २२ करोड ४८ लाख ४४ हजार पुगेको छ ।

आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, समावेशी, आर्थिक रूपमा गतिशील र सुन्दर शहरहरू नै सुरक्षित र सम्वृद्ध मानव वस्तीका पहिचान हुन । हाल विश्वव्यापीरूपमा तिब्ररूपमा बढ्दै गएको शहरीकरणलाई व्यवस्थित सहित शहरी जीवनस्तरमा सुधार ल्याउन विद्यमान शहरहरू लगायत भविष्यमा निर्माण हुने शहरहरूमा शहरी सेवा सुविधाहरूको पर्याप्त उपलब्धता हुन नितान्त आवश्यक छ ।

मुलुक संघीयतामा अगाडि बढेसँगै संघ प्रदेश र स्थानीय सरकारमा शहरी पूर्वाधार विकासका लागि ठूलो लगानीको आवश्यकता रहेको छ जसका लागि प्रयाप्त लगानी जुटाउनु अत्यावश्यक भैसकेको छ । संघीय संरचना अनुसारका प्रदेश सरकार तथा स्थानीय सरकारमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि वैकल्पिक उपकरणहरू परिचालन गर्नुपर्ने वर्तमान अवस्थामा कोषलाई सार्वजनिक ऋण परिचालन गर्नसक्ने सवल वित्तीय संस्था बनाउन आवश्यक छ । नेपाल सरकारको आ.व. ०८०/८१ को बजेट तथा कार्यक्रमले समेत नगर विकास कोषलाई संघ, प्रदेश र स्थानीय सरकार एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गर्न कानूनी प्रबन्ध मिलाउने" लक्ष्य निर्धारण गरेसँगै नगर विकास कोष ऐन, २०५३ मा संशोधनको प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याई कोषलाई संघ, प्रदेश र स्थानीय सरकार एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गर्न नितान्त आवश्यक छ ।

## १.२ कोषको दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा दिगो नेतृत्वदायी वित्तीय मध्यस्थकर्ताको रूपमा स्थापित हुने ।

## १.३ कोषको ध्येय (Mission)

राष्ट्रिय विकासको लक्ष्य अनुरूप शहरी पूर्वाधार एवम् शहरी सेवा सुविधामा जनताको पहुँच स्थापित गरी आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्न योगदान पुऱ्याउने ।

## १.४ कोषको मूल मान्यता (Core Value)

- शहरी पूर्वाधारका आयोजनाहरूको निर्माणमा ऋण लगानीलाई प्रवर्द्धन गर्दै शहरी सेवा सुविधाहरूको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।
- दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास ।
- वित्तीय एवम् गैर वित्तीय नवीन उपकरणको प्रवर्द्धनबाट शहरी पूर्वाधार विकास ।

## १.५ कोषको उद्देश्यहरू

कोषको उद्देश्यहरू अल्पकालिन तथा दीर्घकालीन रणनीतिहरू बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहाय बमोजिम उद्देश्यहरू रहेका छन्ः

(क) नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाइ स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सभाव्य सुधारहरूका सम्वन्धमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

## १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्न, नगर विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने तथा त्यस्ता कार्यक्रममा नगर विकाससँग सम्बन्धित निकायहरूको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससँग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरूलाई दिइने तालिम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससँग सम्बन्धित निकायहरूलाई नगर विकास सम्बन्धी विषयहरूमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसँग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानुन बमोजिम स्थापित अन्य कुनै सस्थाको शेयर, डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

## १.७ कोषको ऐन/नियम/विनियमावली/ निर्देशिकाहरु:

(१) नगर विकास कोष ऐन, २०५३
(२) नगर विकास कोष नियमावली, २०५४
(३) नगर विकासका कोष आर्थिक विनियमावली, २०७१
(४) नगर विकास कोष, कर्मचारी सेवा शर्त विनियावली, २०६८
(५) नगर विकास कोष, लगानी विनियमावली, २०७९
(६) नगर विकास कोष, ऋण असुली विनियमावली, २०७९
(७) खानेपानी तथा सरसफाई क्षेत्र, सहलगानी निर्देशिका, २०७५
(८) लगानी निर्देशिका, २०७७
(९) खानेपानी महशुल दर सिफारिस निर्देशिका, २०७८

## १.८ कोषको रणनीतिहरू

(१) कोषको पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने सक्षम संस्थाको रूपमा विकास गर्ने ।

(२) कोषको लगानीका क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउन राष्ट्रिय शहरी नीति तथा शहरी पूर्वाधार विकास रणनीतिका आधारमा सम्बन्धित निकायहरूसँग अन्तर समन्वय गरी कार्य गर्ने ।

(३) नेपाल सरकारको पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न निकायहरूसँग सहकार्य गरी पूर्वाधार सम्बन्धी ठुला आयोजनाहरूको विकास तथा वित्तीय स्रोत परिचालन गर्ने ।

(४) कोषको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको भगिनी सम्बन्ध तथा संस्थागत सञ्जाल निर्माण तथा प्राविधिक सहयोग परिचालन गर्ने ।

(५) विभिन्न सम्भावित बहुपक्षीय, द्विपक्षीय, अन्तराष्ट्रिय दातृ निकायहरु तथा अन्य संघ सस्थाहरु मार्फत वित्तीय स्रोत व्यवस्थापन गर्ने जोड दिइने ।

(६) राष्ट्रिय वित्तीय संस्थाहरूसँग सहकार्य गरी सह-वित्तीयकरण (Consortium Financing) को शुरूवात गर्ने ।

(७) बैकल्पिक वित्तीय स्रोत परिचालन गर्न सार्वजानिक नीजि साझेदारी (PPP) र मिश्रित लगानी (Blending Finance) को अवधारणा अनुसार शहरी पूर्वाधारका क्षेत्रमा लगानी गर्नका लागि कोषको ईक्वीटी परिचालन गर्ने ।

(८) कोषको लगानी दायरा बढाउनका लागि आयोजना बैंक तयार गर्ने ।

(९) कोषको कार्यक्षेत्र प्रदेशस्तरमा विस्तार गर्ने ।

(१०) कोषको कार्यलाई क्रमशः डिजिटल प्रणाली (Automation System) मा लगिने ।

(११) कोषलाई व्यावसायिकरूपमा प्रभावकारी बनाउन यस क्षेत्रसँग सम्बन्धित सङ्घ/संस्थाहरूसँग सहकार्य गरी अनुसन्धान तथा विकासका (Reasearch and Development) का कार्यहरू गर्ने ।

(१२) कोषवाट लगानी गर्न सकिने सम्भावित आयोजनाको अध्ययन, कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन र ऋण असुलीको अवस्थाको सुदृढीकरणका लागि नगरपालिका तथा खानेपानी संस्थाहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा ल्याईने ।

(१३) कोषले लगानी गरेका आयोजनाहरूको प्रभाव मुल्याङ्कन सहित आयोजनाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधी बनाईने ।

(१४) स्थानीय सरकारहरूमा जलवायु अनुकुलनका आयोजनाहरूमा लगानी विस्तार गर्न जलवायु सम्बन्धित अन्तराष्ट्रिय संस्थाहरूसँग सहकार्य गरिने ।

## १.९ कोषको लगानीका क्षेत्रहरू

### (क) आधारभूत सामाजिक पूर्वाधारहरू

(१) जग्गा एकीकरण आयोजना, स्मार्ट सिटी, आवास योजना, एकीकृत वस्ती विकास, शहरी पुनःउद्धार आयोजना, सांस्कृतिक तथा पुरातात्विक सम्पदास्थल संरक्षण, हाउस पुलिङ्ग लगायत अन्य नगर विकास पूर्वाधार ।

(२) फोहरमैला व्यवस्थापन, सतह ढल, ढल प्रशोधन केन्द्र, फोहर मैला प्रशोधन केन्द्र, सार्वजनिक शौचालय, दिशाजन्य लेदो पदार्थ प्रशोधन आयोजना, जैविक मल उत्पादन आयोजना लगायत अन्य फोहरमैलाजन्य पूर्वाधार ।

(३) खुल्ला क्षेत्र पेटी आयोजना, एकीकृत शहरी सडक सुधार आयोजना, खानेपानी तथा सरसफाई, सडक बत्ती, वस बिसौनी, सँग्राहलय, नगर अस्पताल, सामुदायिक भवन, विद्यालय भवन, पुस्तकालय भवन, प्रशासनिक भवन लगायत अन्य पूर्वाधार ।

(४) पार्क, सार्वजनिक हरित क्षेत्र, पदमार्ग, साईकल लेन, पोखरी सुधार तथा पर्यटकिय मानव निर्मित ताल, वातावरणीय अनुकुलन र अल्पीकरण आयोजना, शहरी हरित प्रबर्द्धन आयोजना लगायत अन्य पूर्वाधार ।

### (ख) आयमूलक पूर्वाधारहरू :

(१) बहुउद्देश्यीय भवन, सपिङ कम्प्लेक्स, प्रदर्शनी केन्द्र, बजार व्यवस्थापन आयोजना, सभागृह, बसपार्क, सार्वजनिक यातायात सम्बन्धी पार्क, बहुतल्ले व्यापारिक पार्किङ्ग लगायत अन्य व्यावसायिक पूर्वाधार ।

(२) केवल कार परियोजना, विद्युतीय यातायात सेवा, सार्वजनिक यातायात सेवा, मेट्रो रेल, मोनो रेल, जल यातायात, फ्ल्याई ओभर, ट्राम, विद्युतीय सवारी चार्जिङ्ग स्टेशन, भेहिकल वासिङ्ग सेन्टर लगायत अन्य यातायात पूर्वाधार ।

(३) स्थानीय उत्पादन बिक्रि केन्द्र, कृषि बजार, शित भण्डार, कृषि तथा वनजन्य वस्तुहरूको व्यावसायिक उत्पादन तथा प्रशोधन भण्डार, वधशाला तथा प्रशोधन केन्द्र लगायत अन्य कृषि पूर्वाधार ।

(४) रोड साईड रिफ्रेशमेन्ट सेन्टर, जिपलाईन, बन्जीजम्पिङ्ग, मनोरन्जन पार्क, खेलकुद पार्क, चिडिया घर, रंगशाला, कभर्ड हल, रिसोर्ट तथा पार्क लगायत अन्य पर्यटकीय पूर्वाधार ।

## १.१० कोषको सेवाग्राहीहरू

(क) स्थानीय सरकार,
(ख) नगर विकाससँग सम्बन्धित निकाय,
(ग) प्रचलित कानून बमोजिम स्थापित उपभोक्ता समिति,
(घ) नगर विकासको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था वा साझेदार संस्था,

## १.११ कोषको ऋण लगानीका विधिहरू

(क) **साधारण विधि :** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोषबाट प्रवाह गरिने ऋण र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

**कुल आयोजना लागत= कोषको ऋण+ऋणीको योगदान**

(ख) **मिश्रित विधि :** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोषबाट प्रवाह गरिने ऋण, अनुदान र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

**कुल आयोजना लागत= कोषको ऋण+कोषको अनुदान+ऋणीको योगदान**

(ग) **सहलगानी विधि :** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोषबाट प्रवाह गरिने ऋण, ऋणीको योगदान र संघीय सरकार वा प्रदेश सरकार वा दातृ निकायहरूबाट प्राप्त अनुदान समेतका आधारमा गरिने लगानी ।

**आयोजना लागत= कोषको ऋण+ऋणीको योगदान+ केन्द्रीय सरकार/प्रदेश सरकार/ दातृ निकायको अनुदान**

(घ) **सार्वजनिक नीजि साझेदारी विधि :** नीजि क्षेत्र र सार्वजनिक निकायबीच सम्पन्न आयोजना विकास सम्झौता तथा आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोष, नीजि क्षेत्र र सार्वजनिक निकायबीच गरिने त्रिपक्षीय सम्झौता बमोजिम सार्वजनिक निकायको ऋण जमानीमा गरिने आयोजना लगानी ।

**आयोजना लागत= कोषको ऋण+निजी क्षेत्रको लगानी + सार्वजनिक निकायको योगदान**

(ङ) सहवित्तीय (कन्सोर्टियम) विधि : आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोष, बैंक तथा वित्तीय संस्थाको संयुक्त ऋण र ऋणीको योगदान समेतका आधारमा गरिने लगानी । यस्तो आयोजनामा संघीय वा प्रदेश सरकारको अनुदान समेत लगानी हुन सक्नेछ ।
तर यसरी लगानी गर्दा कोषमा जम्मा रहेको पुँजीको १५ (पन्ध्र) प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

**आयोजना लागत= कोष तथा वित्तीय संस्थाको संयुक्त ऋण+ऋणीको योगदान**

## १.१२ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजातहरू (Documents for Application):

क) आवेदकको अख्तियार प्राप्त तहवाट ऋण तथा अनुदान लिने निर्णय,

(ख) आयोजना स्थलको जग्गा स्वामित्व सम्बन्धी विवरण,

(ग) प्रस्तावित आयोजनाको संक्षिप्त विवरण वा विस्तृत आयोजना अध्ययन प्रतिवेदन,

(घ) वातावरण अध्ययन प्रतिवेदन,

(ङ) आयोजना सम्बन्धी अन्य कागजातहरू ।

## १.१३ लगानीका स्रोतहरू:

(क) नेपाल सरकारबाट प्राप्त पूँजी,

(ख) नेपाल सरकारवाट साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना अन्तर्गत प्राप्त पूँजी,

(ग) नगर विकास कार्यक्रम अन्तर्गत स्थापित चक्रीय कोषमा रहेको रकम,

(घ) दिगो शहरी यातायात क्षेत्र अन्तर्गत प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट प्राप्त ऋण एवम् अनुदान रकम,

(च) कोषको सञ्चित बचत रकम,

(छ) विकास साझेदारबाट प्राप्त ऋण तथा अनुदान रकम,

(ज) प्रचलित कानून बमोजिम जारी गरिने विकास ऋणपत्र वा डिवेञ्चरबाट प्राप्त रकम,

(झ) समितिले समय समयमा लगानी गर्ने गरी तोकिदिएको रकम ।

# २. आ.व. ०७९/८० मा कोषद्वारा सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा

## २.१ नगर विकास कार्यक्रम (Town Development Program)

**(१) नगरपालिकाहरूमा सामाजिक तथा आयमूलक पूर्वाधारमा मिश्रित लगानी विधीबाट अनुदान परिचालन कार्यक्रमः**

कोषले यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरूमा समाजिक तथा आयमूलक शहरी पूर्वाधारका आयोजनाहरूका लागि नेपाल सरकारबाट कोषलाई प्राप्त अनुदान, ऋण र कोषको ईक्वीटीबाट ऋण मिश्रित लगानी विधिबाट लगानी गर्ने गरी सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत आ.व. ०७९।८० मा शहरी पूर्वाधारका आयोजना मा रू. १५ करोड अनुदानको मिश्रण गर्ने लक्ष्य रहेकोमा कोषको ऋण तथा अनुदान लगानीलाई व्यवस्थित बनाउन लगानी विनियमावली, २०७९ स्वीकृतीको प्रक्रियामा समय लाग्न गएको कारण लक्ष्य अनुसार निर्माण आयोजनाहरूमा अनुदान मिश्रण गरी लगानी हुन सकेन ।

**(२) प्राविधिक सहयोग तथा परामर्श सेवा कार्यक्रमः**

यस कार्यक्रम अर्न्तगत नरपालिकाहरूको सामाजिक पूर्वाधार, वातावरणीय सुधार तथा आयमूलक आयोजनाहरूको सम्भाव्यता अध्ययन, सुपरिवेक्षण तथा स्थानीय सरकार र खानेपानी उपभोक्ता संस्थाहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू अर्न्तगत रू. ५ करोड बजेट विनियोजन गरिएकोमा यस आ.व. मा आयोजनाको अध्ययन तथा सुपरिवेक्षणका लागि रू. १ करोड ४७ लाख ५३ हजार र स्थानीय सरकार तथा खानेपानी उपभोक्ता संस्थाहरूको क्षमता अभिवृद्धिका लागि रू. ४२ लाख गरी कुल रू. १ करोड ८९ लाख ५३ हजार अनुदान प्रवाह गरिएको छ ।

## २.२ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Develoment Project)

नगरपालिकाहरूमा आर्थिक पूर्वाधारका विकास निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि आयोजनाको कुल लागतमा नगरपालिकाको समेत सहलगानी हुने गरी शहरी पूर्वाधार विकास कार्यक्रम आ.व. ०७५।७६ देखि नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन भैरहेको छ ।

यस कार्यक्रम अन्तर्गत विभिन्न नगरपालिकाहरूको आर्थिक पूर्वाधारका आयोजनाहरूका लागि हालसम्म रू.४ अर्ब ८० करोड बराबरका आयोजनाहरू स्वीकृत गरी आ.व. ०७९।८० को अन्तसम्ममा रू. १ अर्ब २३ करोड ऋण लगानी गरिसकिएको छ ।

यस कार्यक्रम अन्तर्गत आ.व. २०७९।८० मा नेपाल सरकारबाट विनियोजित रू. ८५ करोड र कोषको ईक्विटीबाट रू. २९ करोड २८ लाख ८० हजार समेत गरी रू. १ अर्ब १४ करोड ५१ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा यस कार्यक्रम अन्तर्गत रू. ४५ करोड ९८ लाख ४८ हजार लगानी भई लक्ष्यको ४० प्रतिशत प्रगति भएको छ ।

आ.व. ०७९।८० मा नेपाल सरकारतर्फ विनियोजित बजेट रू. ६१ करोडमा कुनै पनि निकासा प्राप्त हुन नसकेका कारण कोषको आन्तरिक स्रोतबाट चालु आयोजनामा रू. २१ करोड ७६ लाख ८६ हजार लगानी गरिएको थियो ।

यस आ.व. मा शहरी पूर्वाधारका थप ३ वटा आयमूलक आयोजनाका लागि रू. ४० करोड २२ लाख ऋण स्वीकृत गरिएको भने २ वटा आयोजनाहरू सम्पन्न भएका छन् । नगरपालिकाबाट प्रस्तावित करीव रू. ५ अर्व वराबरका आयोजनाहरूमा ऋण लगानीका लागि मूल्याङ्कनको चरणमा रहेका छन् । आ.व. ७९।८० मा स्वीकृत आयोजनाहरूको विस्तृत विवरण तालिका नं. १ मा दिईएको छ ।

**तालिका नं. १: आ.व. ०७९।८० मा शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत सम्पन्न भएको आयोजना**

| सि.नं. | आयोजना | कुल लागत | न.वि.कोष ऋण | नगरपालिकाको म्याचिङ् फण्ड |
|---|---|---|---|---|
| १ | कोहलपुर क्षेत्रीय वसपार्क, कोहलपुर, बाँके | ३०६,४०२,७०१ | १८३,८४१,६२० | १२२,५६१,०८० |
| २ | जिरी व्यापारिक भवन तथा स्थानीय उत्पादन केन्द्र, जिरी, दोलखा | ८४,१३३,६०३.१९ | ५५,६६२,७९१.८७ | २८,४७०,८११.३२ |






*(शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत कोहलपुर नगरपालिकामा निर्माण सम्पन्न भएको कोहलपुर क्षेत्रीय बसपार्क)*

**तालिका नं. २ः आ.व. ०७९।८० मा शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत स्वीकृत भएको आयोजना**

| सि.नं. | आयोजना | कूल अनुमानित लागत | न.वि.कोष ऋण | न.वि.कोष अनुदान | नगरपालिकाको म्याचिङ्ग फण्ड |
|---|---|---|---|---|---|
| १ | वैरनी जग्गा विकास आयोजना, व्यास, तनहुँ | १३०,०७२,००० | ९१,०५०,४०० | - | ३९,०२१,६०० |
| २ | बुटवल आधुनिक बहुतल्ले पार्किङ भवन, बुटवल, रूपन्देही | ३०४,०४२,००० | १९७,६२७,३०० | १५,२०२,१०० | ९१,२१२,६०० |
| ३ | ईटहरी वसपार्क, ईटहरी सुनसरी | १६२,२१८,००० | ११३,५५२,६०० | - | ४८,६६५,४०० |
| | **जम्मा** | **५९६,३३२,०००** | **४०२,२३०,३००** | **१५,२०२,१००** | **१७८,८९९,६००** |



*(शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत स्वीकृत बुटवल आधुनिक बहुतल्ले पार्किङ भवन, आयोजनाको डिजाईन नक्सा)*

## तालिका नं. ३: आ.व. ०७९।८० मा शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत चालु आयोजनाहरू

| सि. नं. | आयोजनाको नाम | नगरपालिका | आयोजना लागत | कोषको स्वीकृत ऋण | कोषको स्वीकृत अनुदान | आ.व. ०७९।८० मा कोषको लगानी | आ.व. ०७९।८० सम्ममा कोषको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | कमलामाई व्यापारिक भवन तथा सिटि हल | कमलामाई, सिन्धुली | १६४,६८८,००० | ११५,२८१,६०० | - | १६,९३४,८९७ | ४७,०११,४९४ |
| २ | वेलवारी सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन बजार | वेलवारी, मोरङ्ग | २००,९८०,००० | १४०,६८६,००० | - | ५,९७०,३७४ | ४०,४२४,८६६ |
| ३ | जिरी व्यापारिक भवन तथा स्थानीय उत्पादन केन्द्र | जिरी, दोलखा | १०५,८०१,००० | १०,०००,००० | - | ८,४८१,६०२ | ५५,६६२,७९४ |
| ४ | बिरेन्द्र सभा गृह, विराटनगर | विराटनगर, मोरङ्ग | २७७,९२५,००० | १११,१७०,००० | - | ३२,९४९,०२५ | ५८,७५९,८९९ |
| ५ | हेटौडा बसपार्क / टर्मिनल कम्पेक्स | हेटैडा, मकवानपुर | ३४४,९९७,००० | २०६,९९८,२०० | - | ४३,४२०,३१५ | १२८,०८८,६५३ |
| ६ | कोहलपुर वसपार्क | कोहलपुर, बाँके | ४६६,५३०,००० | २७९,९१८,००० | - | ८९,२५०,४७८ | १८३,१८४,६२१ |
| ७ | देको मेवा इतापके जग्गा विकास आयोजना | भक्तपुर | २७३,६६२,००० | २००,०००,००० | - | २०,४५४,८७१ | ७०,४५४,८७१ |
| ८ | तुलसीपुर व्यावसायिक भवन | तुलसीपुर, दाङ्ग | २८१,७३९,००० | ९९७,२१७,३०० | - | ४०,३५६,२८० | ५०,४३६,२८० |
| ९ | दशरथचन्द बहुउद्देशीय भवन | दशरथचन्द, बैतडी | ४६,६२०,००० | ३०,३०३,००० | - | ५,१८१,०१८ | १२,७०७,७६९ |
| १० | गुजरा बहुउद्देशीय भवन | गुजरा, रौतहट | ८८,३३१,००० | ५२,९९८,६०० | - | २५,७१५,०७९ | ४५,६६५,३२२ |
| ११ | सातदोबाटो सपिङ्ग कम्प्लेक्स, | भिमेश्वर, दोलखा | १७५,५५८,००० | १३१,६६८,५०० | - | ३४,७२२,२१८ | ५३,२९९,५०५ |
| १२ | ब्यास सपिङ्ग कम्प्लेक्स | ब्यास, तनहुँ | २८८,५४४,००० | २०१,९८०,८०० | - | - | - |
| १३ | जलेश्वर बसपार्क | जलेश्वर, महोत्तरी | १५२,०९६,००० | ११४,०७२,००० | - | १८,७५०,००० | १८,७५०,००० |
| १४ | कोल्हवी हाट बजार | कोल्हवी, बारा | १७२,८७३,००० | १२९,६५४,७५० | - | ७१,६२७,२४६ | ७१,६२७,२४६ |
| १५ | बुधवारे कृषि बजार | बुधवारे, सुन्दरहरैचा | १४२,६८८,००० | ११४,१५०,४०० | - | १६,४५९,६२७ | १६,४५९,६२७ |
| १६ | छिन्चु वसपार्क | भेरीगंगा, सुर्खेत | १८५,८२०,००० | १३०,०७४,००० | - | १३,५४५,७०८ | १३,५४५,७०८ |
| १८ | पाल्पा वसपार्क | पाल्पा, तानसेन | २४९,०१७,००० | १७४,३११,९०० | - | - | - |
| १९ | दमक सपिङ्ग कम्प्लेक्स | दमक, झापा | ६११,४३४,००० | ४२८,००३,८०० | - | १३,३३४,५८७ | १३,३३४,५८७ |
| २० | वैरनी जग्गा विकास आयोजना | व्यास, तनहुँ | १३०,०७२,००० | ९१,०५०,४०० | - | २,६९५,०११ | २,६९५,०११ |
| २१ | बुटवल आधुनिक बहुतल्ले पार्किङ भवन | बुटवल, रूपन्देही | ३०४,०४२,००० | १९७,६२७,३०० | १५,२०२,१०० | - | - |
| २२ | ईटहरी वसपार्क | ईटहरी, सुनसरी | १६२,२१८,००० | ११३,५५२,६०० | - | - | - |
| | | **जम्मा** | **४,२३९,४१८,१५३** | **२,८५०,६२१,४३०** | **१५,२०२,१००** | **४५९,८४८,३३६** | **८८२,१०८,२५३** |

## २.३ शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (Urban Water Supply and Sanitation Sector Project – UWSSSP)

एशियाली विकास बैंकको सहयोगमा नेपालका विभिन्न शहरहरूमा सुरक्षित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन नगर विकास कोषवाट २५ प्रतिशत सम्म ऋण, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने गरी सञ्चालन भैरहेको यस आयोजनाको कुल लगानी १७ करोड ८५ लाख अमेरिकी डलर मध्ये छनौट भएका २० वटा आयोजना तथा स्तर उन्नतीका लागि छनौट भएका आयोजनामा पनि लगानी गरिने छ । यसका लागि कोष मार्फत १ करोड ९० लाख अमेरिकी डलर (अर्थात करीव १ अर्व ९० करोड) ऋण लगानी हुने प्रावधान रहेको छ ।

यस आयोजना अर्न्तगत आ.व. २०७९।८० मा चालु अवस्थामा रहेका २० वटा आयोजनाहरूमा रू. ७० करोड ३७ लाख बजेट विनियोजन गरिएकोमा रू. ४३ करोड ९९ लाख २७ हजार लगानी भई लक्ष्यको ६३ प्रतिशत प्रगति भएको छ । यस अवधिमा यस आयोजना अन्तर्गत थप १ वटा आयोजना डाँछी (भद्रवास) शहरी खानेपानी तथा सरसफाई आयोजना, काठमाण्डौंका लागि रू. १४ करोड ४७ लाख ऋण स्वीकृत गरिएको छ ।

**तालिका नं. ४: आ.व. ०७९।८० मा शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत स्वीकृत भएको आयोजना**

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५ % ऋण) | उपभोक्ता संस्था (५% सहलगानी) |
|---|---|---|---|---|---|
| १ | डांछी (भद्रवास) शहरी खानेपानी तथा सरसफाई आयोजना, काठमाडौं | ५७८,९५२,००० | ४०५,२६६,४०० | १४४,७३८,००० | २८,९४७,६०० |





*(शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत भोजपुर खानेपानी तथा सरसफाई आयोजना)*

## तालिका नं. ५: आ.व. ०७९।८० मा शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत चालु आयोजनाहरू

| क्र. सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५ % ऋण) | उपभोक्ता संस्था (५% सहलगानी) | आ.व. ०७९।८० मा कोषको लगानी | आ.व. ०७९।८० सम्ममा कोषको लगानी | आ.व. ०७९।८० सम्ममा भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|---|---|---|
| १ | चरिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ७१८,२३५,००० | ५३८,६७६,२५० | १७९,५५८,७५० | - | १५,००७,४१० | १७८,४८४,०१८ | ९९ |
| २ | सिलिचुङ्ग शहरी खानेपानी तथा सरसफाई आयोजना | ४९७,९९८,००० | ३४८,५९८,६०० | १२४,४९९,५०० | २४,८९९,९०० | १९,३१५,४४२ | ११८,०८३,०२७ | ९९ |
| ३ | इलाम शहरी खानेपानी तथा सरसफाई आयोजना | ५७९,५०७,००० | ४०५,६५४,९०० | १४४,८७६,७५० | २८,९७५,३५० | - | १२६,१४९,५१३ | ९९ |
| ४ | रम्बाखोला माझीखोला शहरी खानेपानी तथा सरसफाई आयोजना | २२५,५५८,००० | १५७,८९०,६०० | ५६,३८९,५०० | ११,२७७,९०० | १,६९२,५३८ | ४७,१२५,३७९ | ९० |
| ५ | चैनपुर शहरी खानेपानी तथा सरसफाई आयोजना | २१७,३०९,००० | १५२,११६,३०० | ५४,३२७,२५० | १०,८६५,४५० | - | ४१,२०२,५२७ | ९९ |
| ६ | लिवाङ्ग शहरी खानेपानी तथा सरसफाई आयोजना | ३१५,२४२,००० | २२०,६६९,४०० | ७८,८१०,५०० | १५,७६२,१०० | १,६२४,५१० | ७२,९७८,४७२ | ९९ |
| ७ | शुभघाट शहरी खानेपानी तथा सरसफाई आयोजना | ६२४,८९२,००० | ४३७,४२४,४०० | १५६,२२३,००० | ३१,२४४,६०० | ११,५८२,०९९ | १४९,२४८,७०० | ९९ |
| ८ | प्रगतिनगर शहरी खानेपानी तथा सरसफाई आयोजना | २९४,९९६,००० | २०६,४९७,२०० | ७३,७४९,००० | १४,७४९,८०० | १,५५७,४३० | ६२,३३४,४२५ | ९९ |
| ९ | सिद्धनाथ बैजनाथ शहरी खानेपानी तथा सरसफाई आयोजना | २०९,४४१,००० | १४६,६०८,७०० | ५२,३६०,२५० | १०,४७२,०५० | १,८२९,६९७ | ४६,०६८,४५६ | ९९ |
| १० | पाँचखाल शहरी खानेपानी तथा सरसफाई आयोजना | १,३३५,४३४,००० | ९३४,८०३,८०० | ३३३,८५८,५०० | ६६,७७१,७०० | ८६,१०४,४०२ | ३०५,७४२,०४४ | ९० |
| ११ | हुप्से देउराली शहरी खानेपानी तथा सरसफाई आयोजना | ७७९,४९०,००० | ५४५,६४३,००० | १९४,८७२,५०० | ३८,९७४,५०० | ४२,७५५,८७२ | २१६,८६०,००० | ५५ |
| १२ | खलंगा शहरी खानेपानी तथा सरसफाई आयोजना | २९२,६६६,००० | २०४,८६६,२०० | ७२,३०५,००० | १५,४९४,८०० | १२,१२५,२९७ | ४८,४४७,८६० | ९८ |
| १३ | दधिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८६,४४७,८८० | ४१०,५१३,५१६ | १४६,६११,९७० | २९,३२२,३९४ | ४५,६६७,८८० | १०६,४३५,८६७ | ८५ |
| १४ | शारदानगर शहरी खानेपानी तथा सरसफाई आयोजना | ३३४,१६६,०५८ | २३३,९१६,२४१ | ८३,५४१,५१४.६० | १६,७०८,३०३ | ३१,१३२,३९८ | ८३,५४१,५१४ | ९५ |
| १५ | कंचनरूप शहरी खानेपानी तथा सरसफाई आयोजना | ४३९,६५३,००० | ३०७,७५७,१०० | १०९,९१३,२५० | २१,९८२,६५० | २८,१५४,९८३ | ८७,८६४,१२० | ८० |
| १६ | झुम्का शहरी खानेपानी तथा सरसफाई आयोजना | ३६४,४२३,००० | २५५,०९६,१०० | ९१,१०५,७५० | १८,२२१,१५० | ४४,४८१,२५३ | ५६,१७८,५०३ | ८० |
| १७ | पूर्णागिरी शहरी खानेपानी तथा सरसफाई आयोजना | ३४९,४६८,००० | २४४,६२७,६०० | ८७,३६७,००० | १७,४७३,४०० | ७,०२३,२९१ | ११,३७१,८३८ | ३० |
| १८ | गोसिङ्गे शहरी खानेपानी तथा सरसफाई आयोजना | १९१,०५७,००० | १३३,७३९,९०० | ४७,७६४,२५० | ९,५५२,८५० | २३,६७२,२२१ | २७,६१२,१९१ | ८० |
| १९ | सप्तकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना | ४६८,९९४,००० | ३२८,२९५,८०० | ११७,२४८,५०० | २३,४४९,७०० | १६,४५६,२६७ | २६,४९१,७९४ | ४५ |
| २० | डांछी (भद्रवास) शहरी खानेपानी तथा सरसफाई आयोजना, काठमाण्डौं | ५७८,९५२,००० | ४०५,२६६,४०० | १४४,७३८,००० | २८,९४७,६०० | ४९,७४४,३५० | ४९,७४४,३५० | ३० |
| | **जम्मा** | **९,४०३,९२८,९३९** | **६,६१८,६६२,००७** | **२,३५०,१२०,७३५** | **४३५,१४६,१९७** | **४३९,९२७,३४०** | **१,८६१,९६४,५९८** | |

## २.४ खानेपानी तथा सरसफाई कार्यक्रम (सह-लगानी) :

### (क) खानेपानी तथा सरसफाई उपभोक्तासंस्था तर्फ

नेपाल सरकारको आफ्नो लगानी, कोषको ऋण तथा उपभोक्ता संस्थाको सहलगानीमा यो कार्यक्रमका लागि खानेपानी मन्त्रालय, खानेपानी तथा सरसफाई व्यवस्थापन विभाग र नगर विकास कोषबिच समझदारी पत्र (MOU) भई सञ्चालनमा रहेको छ । यस कार्यक्रम अर्न्तगत नेपाल सरकारले छनौट गरेका साना शहरहरूमा खानेपानी आपूर्तिका आयोजनाहरू सञ्चालनका लागि कोषवाट बढीमा २५ प्रतिशत ऋण लगानी, उपभोक्तावाट ५ प्रतिशत नगद योगदान र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने व्यवस्था रहेको छ । यस कार्यक्रम अन्तर्गत कोषको इक्वीटी पुँजीवाट सह-लगानी गर्न आ.व. २०७९।८० मा रू. ३० करोड बजेट विनियोजन गरिएकोमा रू. २१ करोड १८ लाख ५९ हजार लगानी भई लक्ष्यको ७० प्रतिशत प्रगति भएको छ । यस आ.व.मा ४ वटा नयाँ सहलगानी खानेपानी आयोजनाहरूका लागि रू. ३५ करोड ८० लाख ऋण स्वीकृत गरिएको छ ।

**तालिका नं. ६: आ.व. ०७९।८० मा सहलगानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था तर्फ स्वीकृत भएका आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२० % -२५ % ऋण) | उपभोक्ता संस्था सहलगानी (५%-१०%) |
|---|---|---|---|---|---|
| १ | सल्यानटार खानेपानी तथा सरसफाई आयोजना | २३८,५४९,००० | १६६,९८४,३०० | ४७,७०९,८०० | २३,८५४,९०० |
| २ | खैरेनिटार खानेपानी तथा सरसफाई आयोजना | १७३,७२५,००० | १२१,६०७,५०० | ४३,४३१,२५० | ८,६८६,२५० |
| ३ | तुलसीपुर खानेपानी तथा सरसफाई आयोजना | ५६९,०२४,००० | ३९८,३१६,८०० | १४२,२५६,००० | २८,४५१,२०० |
| ४ | घोराही खानेपानी तथा सरसफाई आयोजना | ४९८,५४९,००० | ३४८,९८४,३०० | १२४,६३७,२५० | २४,९२७,४५० |
| | **जम्मा** | **१,४७९,८४७,०००** | **१,०३५,८९२,९००** | **३५८,०३४,३००** | **८५,९१९,८००** |

**तालिका नं. ७: आ.व. ०७९।८० मा सहलगानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था तर्फ चालु आयोजनाहरू**

| सि. नं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२०%-२५% ऋण) | उपभोक्तासंस्था सहलगानी (५%-१०%) | आ.व. ०७९।८० मा कोषको लगानी | आ.व. ०७९।८० सम्ममा कोषको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | अत्तरिया खानेपानी तथा सरसफाई आयोजना | १३१,९८८,००० | ९२,३९१,६०० | २६,३९७,६०० | १३,१९८,८०० | ६,५३२,४५४ | २३,४९१,५१० |
| २ | बाग्लुङ्ग खानेपानी तथा सरसफाई आयोजना | ३०२,६५१,००० | २११,८५५,७०० | ७५,६६२,७५० | १५,१३२,५५० | ९,०७०,९९६ | ७१,३५८,१४७ |
| ३ | वयरघारी खानेपानी तथा सरसफाई आयोजना | ७२,१८४,००० | ५०,५२८,८०० | १४,४३६,८०० | ७,२१८,४०० | ३,८९६,८८५ | १२,६७३,२०५ |
| ४ | उर्लाबारी खानेपानी तथा सरसफाई आयोजना | १७७,२२१,००० | १२४,०५४,७०० | ३५,४४४,२०० | १७,७२२,१०० | १०,२३६,४२८ | ३५,४४४,२०० |
| ५ | टंकी सिनवारी खानेपानी तथा सरसफाई आयोजना | २७५,५४०,००० | १९२,८७८,००० | ५५,१०८,००० | २७,५५४,००० | २७,५९०,६०५ | ५१,९९६,४५७ |
| ६ | जुटपानी खानेपानी तथा सरसफाई आयोजना | १९१,४४३,००० | १३४,०१०,१०० | ४७,८६०,७५० | ९,५७२,१५० | १३,९३६,५६२ | ३३,४२९,९०८ |
| ७ | बढ्डीचौर खानेपानी तथा सरसफाई आयोजना | १५९,३७४,००० | १११,५६१,८०० | ३१,८७४,८०० | १५,९३७,४०० | १४,१३४,९५८ | १८,५०३,४७२ |
| ८ | बेलभुण्डी खानेपानी तथा सरसफाई आयोजना | ३०७,३६५,००० | २१५,१५५,५०० | ६१,४७३,००० | ३०,७३६,५०० | १३,१७४,२३४ | ४९,८८४,९६९ |
| ९ | भादँगाउ खानेपानी तथा सरसफाई आयोजना | १५२,४३६,००० | १०६,७०५,२०० | ३८,१०९,००० | ७,६२१,८०० | २२,६८४,९७७ | २२,६८४,९७७ |
| १० | सल्यानटार खानेपानी तथा सरसफाई आयोजना | २३८,५४९,००० | १६६,९८४,३०० | ४७,७०९,८०० | २३,८५४,९०० | ३२,३३०,१२९ | ३२,३३०,१२९ |
| ११ | खैरेनिटार खानेपानी तथा सरसफाई आयोजना | १७३,७२५,००० | १२१,६०७,५०० | ४३,४३१,२५० | ८,६८६,२५० | ११,९९३,२११ | ११,९९३,२११ |
| १२ | तुलसीपुर खानेपानी तथा सरसफाई आयोजना | ५६९,०२४,००० | ३९८,३१६,८०० | १४२,२५६,००० | २८,४५१,२०० | ३०,६३१,१९१ | ३०,६३१,१९१ |
| १३ | घोराही खानेपानी तथा सरसफाई आयोजना | ४९८,५४९,००० | ३४८,९८४,३०० | १२४,६३७,२५० | २४,९२७,४५० | १५,६४६,१५४ | १५,६४६,१५४ |
| | **जम्मा** | **३,२५०,०४९,०००** | **२,२७५,०३४,३००** | **७४४,४०१,२००** | **२३०,६१३,५००** | **२११,८५८,७८४** | **४१०,०६७,५३०** |

### (ख) नगरपालिकाहरू तर्फ :

मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project-STIUEIP) डिसेम्वर २०१९ देखि समाप्त भैसकेको भए पनि यस कार्यक्रम अन्तर्गत सञ्चालित काभ्रे उपत्यकामा (वनेपा, धुलिखेल र पनौती नगरपालिका) एकीकृत खानेपानी आयोजना सम्पन्न हुन बाँकी अवस्थामा रहेकोले सो आयोजनालाई सम्पन्न गर्न नगरपालिकासँग सहकार्य गरी आयोजनामा थप ऋण लगानीका लागि रू. १२ करोड ५२ लाख र दोस्रो खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निमार्ण सम्पन्न भई हाल सञ्चालनमा रहेको धनकुटा खानेपानी तथा सरसफाई आयोजनाको सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले रिजर्भायर टंकी (Reservoir Tank) को निर्माण तथा व्यवस्थापनका रू. ३ करोड गरी जम्मा रू. १५ करोड ५२ लाख विनियोजन गरिए पनि यस कार्यक्रम अन्तर्गत धनुकुटा नगरपालिकाको रिजर्भायर टंकी (Reservoir Tank) आयोजनामा मात्र रू. ९४ लाख ६८ हजार ऋण लगानी भएको छ ।

यस कार्यक्रम अन्तर्गतको काभ्रे उपत्यका (वनेपा, धुलिखेल र पनौती नगरपालिका) एकीकृत खानेपानी आयोजना कार्यान्वयनमा आएको समस्याका कारण नगरपालिकाबाट थप ऋण लगानीका लागि माग नगरिएकोले कुनै पनि लगानी हुन सकेन ।

आ.व. ७९।८० मा यस कार्यक्रम अन्तर्गत धादिङ्वेसी खानेपानी आयोजनाका लागि निलकण्ठ नगरपालिकालाई रू. ७ करोड ३५ लाख ऋण स्वीकृत गरिएको छ । यस आ.व. मा स्वीकृत आयोजनाको विवरण तालिका नं. ७ मा दिईएको छ ।

**तालिका नं. ८: आ.व. ०७९।८० मा सहलगानी खानेपानी तथा सरसफाई आयोजना नगरपालिका तर्फ स्वीकृत भएको आयोजना**

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२० % -२५ % ऋण) | उपभोक्ता संस्था सहलगानी (५%-१०%) |
|---|---|---|---|---|---|
| १ | धादिङबेशी सह लगानी खानेपानी तथा सरसफाई आयोजना | २९४,००४,००० | २०५,८०२,८०० | ७३,५०१,००० | १४,७००,२०० |

तालिका नं. ९: आ.व. ०७९।८० मा सहलगानी खानेपानी तथा सरसफाई आयोजना नगरपालिका तर्फ चालु आयोजनाहरू

| सि. नं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२०%-२५% ऋण) | उपभोक्तासंस्था सहलगानी (५%-१०%) | आ.व. ०७९।८० मा कोषको लगानी | आ.व. ०७९।८० सम्ममा कोषको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | धादिङबेशी सह लगानी खानेपानी तथा सरसफाई आयोजना | २९४,००४,००० | २०५,८०२,८०० | ७३,५०१,००० | १४,७००,२०० | ६,५३२,४५४ | २३,४९१,५१० |
| २ | डिप बोरिङ्ग एण्ड रिजर्भायर टंकी, धनकुटा | ३४,२८५,००० | - | ३०,८५६,५०० | ३,४२८,५०० | ९,४६७,८०५ | ९,४६७,८०५ |
| | **जम्मा** | **३२८,२८९,०००** | **२०५,८०२,८००** | **१०४,३५७,५००** | **१८,१२८,७००** | **१६,०००,२५९** | **३२,९५९,३१५** |

# ३. कोषको ऋण असुली अवस्थाः

नगर विकास कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन कोष सञ्चालक समितिबाट २०७९ फाल्गुन २ गते स्वीकृत भई ऋण असुली विनियमावली, २०७९ कार्यान्वयनमा रहेको छ । ऋण असुली विनियमावलीकाको कही प्रावधानहरू :

## ऋण असुली संरचना सम्बन्धी व्यवस्था

१. **ऋण असुली उपसमितिः** (१) कोषद्वारा लगानी गरेको ऋण असुली सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमको एक ऋण असुली उपसमिति रहनेछः

| | |
|---|---|
| (क) संचालक सदस्य तथा सह सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - संयोजक |
| (ख) संचालक सदस्य, अर्थ विज्ञ | - सदस्य |
| (ग) कार्यकारी निर्देशक, नगर विकास कोष | - सदस्य |
| (घ) उपसचिव, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | - सदस्य |
| (ङ) प्रमुख, ऋण असुली एकाई, नगर विकास कोष | - सदस्य सचिव |

(२) उपसमितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ऋणको वर्गीकरण तथा नोक्सानी व्यवस्था

२. **ऋणको वर्गीकरणः** (१) कोषले प्रवाह गरेको ऋणलाई देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछः-

(क) असल ऋण :- भाखा ननाघेका र एक वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ख) कमसल ऋणः- साँवा वा ब्याज एक वर्ष देखि दुई वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ग) शंकास्पद ऋणः- साँवा वा ब्याज दुई वर्ष देखि पाँच वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(घ) खराब ऋणः- साँवा वा ब्याज पाँच वर्ष भन्दा माथिको अवधिले भाखा नाघेको किस्ता रकम ।

(२) उपविनियम (१) को खण्ड (क) बाहेकका ऋणलाई निष्क्रिय ऋण मानिनेछ ।

३. **खराब ऋण सम्बन्धी अन्य व्यवस्थाः-** (१) विनियम ५ को उपविनियम (१) को खण्ड (घ) मा उल्लेख भए बाहेक देहायको मध्ये कुनै अवस्थाको ऋणलाई समेत खराब ऋणमा वर्गीकरण गरिनेछः

(क) ऋण सम्झौतामा उल्लिखित बाहेक अन्य प्रयोजनमा ऋणको उपयोग गरेको,

(ख) आयोजना निर्माणको शुरू ठेक्का सम्झौतामा उल्लेख भए अनुसारको निर्माण अवधिको दोब्बर समयसम्म पनि आयोजना निर्माण सम्पन्न नभएको,

(ग) सरोकारवाला निकायबीच आयोजना निर्माण, संचालन तथा व्यवस्थापनसँग सम्बन्धी विवाद उत्पन्न भई कानून बमोजिम २ (दुई) वर्षसम्म समाधान नभएको,

(घ) आयोजना निर्माण सम्पन्न भएको मितिदेखि २ (दुई) वर्षसम्म सेवा सञ्चालनमा नआएको,
(ङ) आयोजनाबाट आर्जित रकम ऋण भुक्तानी नगरी अन्य कार्यमा प्रयोग गरेको ।

४. **ऋण नोक्सानी व्यवस्थाः** (१) यस विनियमावली बमोजिम वर्गीकरण गरिएका ऋणलाई बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम ऋण नोक्सानी व्यबस्था कायम गर्नुपर्नेछः

| **ऋण वर्गीकरण** | **न्यूनतम् ऋण नोक्सानी व्यवस्था** |
|---|---|
| (क) असल | एक प्रतिशत |
| (ख) कमसल | बीस प्रतिशत |
| (ग) शंकाष्पद | चालीस प्रतिशत |
| (घ) खराब | सतप्रतिशत |

(२) पुनर्सरचना।घमा पुनर्सरचना वा पुनर्तालिकीकरण हुन अघिको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

५. **कन्सोर्टियम ऋण सम्बन्धी व्यवस्थाः** नियमावलीको नियम ८ बमोजिम गरिएको कन्सोर्टियम ऋण लगानीमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशिका बमोजिमको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

६. **ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण सम्बन्धी व्यवस्थाः** (१) ऋण सम्झौता बमोजिम तोकिएको समयमा नियमितरूपमा भुक्तानी नभएको ऋणलाई उपसमितिले पुनर्सरचना वा पुनर्तालिकीकरण गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण गर्ने आधार देहाय बमोजिम हुनेछः
(क) ऋणीले पेश गरेको कार्ययोजना विश्वसनीय भएमा,
(ख) कुल बक्यौता ब्याजको कम्तिमा पच्चीस प्रतिशत असुल उपर भएमा,
(ग) ऋणीले प्राकृतिक विपत्ति वा महामारी वा काबु बाहिरको अन्य परिस्थिती सिर्जना भई आयोजनाको वित्तीय अवस्था वा नगद प्रवाहमा नकारात्मक असर परेको प्रमाण पेश गरेमा,
(घ) ऋण असुली हुने सम्बन्धमा उपसमिति विश्वस्त हुने आधार भएमा ।

७. **असल ऋण असुली प्रक्रियाः** ऋण असुली एकाईले असल ऋण असुलीको लागि देहायको प्रक्रिया अवलम्वन गर्नेछः

(क) तोकिएको भुक्तानी मितिभन्दा कम्तीमा ३० (तीस) दिन अगावै किस्ता रकम भुक्तानीका लागि ऋणीलाई अग्रिम जानकारी गराउने,
(ख) तोकिएको भुक्तानी मितिभित्र किस्ता रकम दाखिला नगरेमा २१ (एक्काईस) दिनको म्याद दिई ताकेता पत्र पठाउने,
(ग) खण्ड (ख) बमोजिमको समय सीमा भित्र किस्ता रकम दाखिला नगरेमा १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,
(घ) खण्ड (ग) बमोजिमको समय सीमा भित्र किस्ता रकम दाखिला नभएमा सो सम्बन्धी व्यहोरा ऋणको जमानीकर्ता भएमा निजलाई समेत जानकारी गराउने ।

८. **कमसल ऋण असुली प्रक्रियाः** (१) ऋण असुली एकाईले कमसल ऋण असुलीको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नेछः

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,
(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्ता समेतलाई पुनः जानकारी गराउने ।

(२) उपविनियम (१) बमोजिम जानकारी गराएको ९० (नब्बे) दिन भित्र किस्ता रकम दाखिला नभएमा कोष व्यवस्थापनले ऋण असुलीका लागि एस्क्रो एकाउण्ट वा डेब्ट सर्भिस रिजर्व फण्ड वा ऋण सम्झौता बमोजिमका अन्य विधि लागू गर्न सक्नेछ ।

(३) कोषले कमसल ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्व स्वीकृत भएको ऋण रकम बाहेक थप ऋण उपलब्ध गराउने छैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना संचालन भई ऋण असुली हुनसक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनको आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

९. **शंकास्पद ऋण असुली प्रक्रियाः** (१) ऋण असुली एकाईले शंकाष्पद ऋण असुलीको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नेछः

(क) वक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिन दिनको म्याद दिई पुनःताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्तालाई सम्झौता बमोजिम वहन गर्नुपर्ने दायित्व ९० (नब्बे) दिन भित्र पुरा गर्न जानकारी गराउने ।

(२) कोषले शंकाष्पद ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्व स्वीकृत भएको ऋण रकम बाहेक थप ऋण उपलब्ध गराउने छैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना संचालन भई ऋण असुली हुनसक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनको आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

१३. **खराब ऋण असुली प्रक्रियाः** (१) ऋण असुली एकाईले खराब ऋण असुलीको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नेछः

(क) वक्यौता किस्ता रकम दाखिला गर्नका लागि ३० (तीस) दिनको म्याद दिई खण्ड (ख) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुने सूचनाको व्यहोरा समेत समावेश गरी ऋणी तथा जमानीकर्तालाई पुनःताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिम किस्ता रकम दाखिला नभएमा दाखिला गर्नुपर्ने वक्यौता किस्ता रकमको विवरण सहित ऋणी र जमानीकर्ताको नाम उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा ३५ (पैंतीस) दिनको म्याद दिई सूचना प्रकाशन गर्ने

आ.व. २०७९/८० को अन्त्य सम्मको कूल उठाउन बाँकी ऋण लगानी (पूँजीकृत ब्याज सहित) रू. रू. १० अर्व ३१ करोड ४६ लाख ८ हजार रहेको छ । आ.व. २०७९/८० को अन्त्यसम्म साँवा तथा व्याज गरी जम्मा रू. ८ अर्व २६ करोड ७४ लाख असुल हुनुपर्नेमा आ.व. २०७९/८० को अन्त्य सम्ममा साँवा र ब्याज गरी रू. ७ अर्व १५ करोड ४४ लाख असुल भएको छ । उक्त असुल भएको रकममा अग्रिम भुक्तानी तथा सहुलियत अवधिको पुँजीकृत व्याज समेत समावेश गरिएको छ ।

# तालिका नं. १०: आ.व. २०७९/८० को ऋण असुली लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि.नं. | ऋण लगानीको श्रोत | आ.व. २०७९।८० को उठाउनु पर्ने किस्ता रकम | | | आ.व. २०७९।८० सम्ममा उठनु पर्ने रकम (आ.व. ०७९।८० मा ऋण पुर्नतालिकीकरण पश्चात) | | | २०७९।८० मा उठेको | | | २०८० असारमा भाखा नाघेको उठ्न बाँकी | | | असुली प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साँवा | व्याज | जम्मा | साँवा | व्याज | जम्मा | साँवा | व्याज | जम्मा | साँवा | व्याज | जम्मा | |
| १ | नगर विकास कार्यक्रम दोस्रो चरण (के.एफ.डब्लु.) | १९,६८० | १७,५६३ | ३७,२४३ | ३२,२१० | १८,८२५ | ५१,०३५ | २२,३९५ | १६,३२४ | ३८,७१९ | ४,६०७ | १,९५८ | ६,५६५ | ७६% |
| २ | नगर विकास कार्यक्रम तेस्रो चरण (के.एफ.डब्लु.) | ४४,६५२ | ३४,५६१ | ७९,२१३ | ६१,७५४ | ४४,६०१ | १०६,३५५ | १००,८६५ | ३७,२६२ | १३८,१२७ | ५,९८५ | ५,५२० | ११,५०५ | १३०% |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | १३,५२३ | ४,५७८ | १८,१०१ | ३०,७३८ | ९,२४६ | ३९,९८४ | १३,६५७ | ८,५१३ | २२,१७० | १७,३२० | ५४७ | १७,८६७ | ५५% |
| ४ | मफौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ४९,३९५ | ४९,२५० | ९८,६४५ | १०६,१५१ | ८३,३४६ | १८९,४९८ | ५१,३६९ | ५१,०३१ | १०२,४०० | ७१,३४५ | ३१,६१६ | १०२,९६१ | ५४% |
| ५ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ३०,९५७ | २७,६०३ | ५८,५६० | १९४,५४९ | ९९,९३१ | २९४,४७९ | १६,२८९ | १८,३१९ | ३४,६०८ | १८८,५८० | ८१,१३० | २६९,७१० | ११% |
| ६ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ९०,७७५ | ८२,१५८ | १७२,९३३ | २९३,९९६ | १७४,३५८ | ४६८,३५४ | ६५,९६० | ६२,०६१ | १२८,०२१ | २५६,९१५ | १११,०३० | ३६७,९४५ | २७% |
| ७ | एकीकृत शहरी विकास आयोजना (ए.डि.वी) | ५६,७८४ | ४६,९८० | १०३,७६४ | ५९,४०८ | ४६,९८० | १०६,३८८ | ४६,३९० | ४०,७०२ | ८७,०९२ | १६,४५८ | ५,२५८ | २१,७१६ | ८२% |
| ८ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | २,४४४ | २,३५८ | ४,८०२ | ४,७९० | ४,३७५ | ९,१६५ | ३,१२८ | ३,९५८ | ७,०८६ | १,६८४ | ३८३ | २,०६७ | ७७% |
| ९ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम चरण (पुन:निर्माण आयोजना) | २३,५६१ | १०,१६१ | ३३,७२२ | ५८,७३३ | १७,९८८ | ७६,७२१ | २०,४९४ | ६,७३७ | २७,२३१ | ३६,९०० | १६,५०३ | ५३,४०३ | ३३% |
| १० | सहरी शासकीय क्षमता विकास कार्यकम ( विश्व बैंक ऋण) | ९,४३४ | ६,८९५ | १६,३२९ | १३,३०१ | ९,०२१ | २२,३२२ | ३३,५२६ | ८,३१९ | ४१,८४५ | ६५१ | ४९४ | १,१४५ | १८७% |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ५६,७९८ | ८६,८४३ | १४३,६४१ | १०३,७३४ | १३३,१७६ | २३६,९१० | ३२,१०६ | ५६,६५८ | ८८,७६४ | ८५,४१५ | ६९,७९० | १५५,२०५ | ३७% |
| १२ | सह लगानी खानेपानी आयोजना | ७६८ | २,७८८ | ३,५५६ | ७६८ | २,७८८ | ३,५५६ | २,१८१ | १९,१३४ | २१,३१५ | ६६९ | - | ६६९ | |
| १३ | सह लगानी नगरपालिका | १,३२५ | ८७० | २,१९५ | २,०३० | १,१७१ | ३,२०१ | २,०३३ | १,४०३ | ३,४३६ | - | - | - | |
| १४ | दिगो शहरी यातायात | ६,४१६ | २,२०९ | ८,६२५ | २२,१२८ | ७,२१८ | २९,३४६ | - | - | - | २२,३९३ | ७,२१८ | २९,६११ | - |
| १५ | शहरी खानेपानी तथा सरसफाई आयोजना | - | - | - | - | - | - | ५,०२२ | ४०,२२७ | ४५,२४९ | - | - | - | |
| १६ | शहरी पूर्वाधार विकास आयोजना | ३२,९३१ | ४२,०९४ | ७५,०२५ | ३८,२०७ | ४२,०९४ | ८०,३०१ | ३७,९६० | ४२,२०४ | ८०,१६४ | १२,७४० | ८,४८३ | २१,२२३ | १००% |
| | **जम्मा** | **४३९,४४३** | **४१६,९११** | **८५६,३५४** | **१,०२२,४९७** | **६९५,११८** | **१,७१७,६१५** | **४५३,३७५** | **४१२,८५२** | **८६६,२२७** | **७२१,६६२** | **३३९,९३०** | **१,०६१,५९२** | **५०.४३%** |

# ४. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू

## ४.१ नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम:

युरोपियन युनियनको वित्तीय सहयोगमा सञ्चालित नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (MFCB) नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता अभिवृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु सम्वर्द्धन गर्ने पूर्वाधार निर्माणका नविनतम लगानी विधि अपनाउने क्षमताको विकास गर्ने उद्देश्य राखी सहभागी १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त) मा सञ्चालन भईरहेको छ । नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमको लागि ३१ डिसेम्बर २०१८ मा नगर विकास कोष र युरोपियन युनियन बीच सम्झौता भई कार्यान्वयनमा रहेको यो कार्यक्रमको अवधि २ वर्ष थप भई डिसेम्बर २०२४ सम्म सञ्चालनमा रहने गरी कार्यान्वयनको अन्तिम चरणमा रहेको छ ।

यस नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building-MFCB) कार्यक्रम अन्तर्गत सहभागी नगरपालिकाहरूको वित्त व्यवस्थापन तथा क्षमता अभिवृद्धि, कोषको व्यवसाय प्रवर्द्धन, लगानी तथा असुलीलाई प्रभावकारी बनाउन विशेष गरी नगरपालिका लागि अनुशिक्षण कार्यक्रम, ऋण वहन क्षमता अध्ययन तथा वित्तीय योजना तयारी, कोषको लगानीमा निर्मित आयोजनाहरूको मर्मत सम्भार एवम् सञ्चालन-व्यवस्थापन सम्बन्धी अध्ययन, स्थानीय आर्थिक विकास र जलवायु सम्वर्द्धन गर्ने पूर्वाधार निर्माणका नविनतम लगानी विधि अपनाउने क्षमताको विकासमा प्राविधिक सहयोग प्रदान गर्ने जस्ता कार्यहरूका लागि आ.व. २०७९।८० मा रू. १६ करोड २ लाख बजेट विनियोजन गरिएकोमा रू. ५ करोड ६१ लाख ४ हजार खर्च भएको छ ।

आ.व. ०७९।८० मा यस कार्यक्रम अन्तर्गत देशका ७ प्रदेशहरू अन्तर्गतका २९३ नगरपालिकाहरूको सहभागितमा कोषको पुन:संरचना सम्बन्धी रणनीतीक पत्र, पूर्वाधार निर्माणमा वित्तीय उपकरणहरूको परिचालन, आयोजना तयारी, लगानी एवम् आयोजना चक्र, कोषको स्रोत व्यवस्थापन, आयोजनामा जग्गा सम्बन्धी कानुनी व्यवस्था तथा कोषको नयाँ ऋण असुली विनियमावली तथा लगानी विनियमावलीका सम्बन्धमा प्रदेश स्तरीय अन्तरक्रियात्मक कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ । यस कार्यशाला गोष्ठीबाट नगरपालिहरूमा पूर्वाधार विकासमा ऋण लगानीको अवधारणालाई स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ ।

नगरपालिकाहरूको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाई आगामी दिनमा पर्ने दायित्वको पूर्वानुमानका साथै स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा क्षमता अभिवृद्धिका लागि सहभागी १५ नगरपालिकाका योजना प्रमुख तथा लेखा प्रमुखहरूलाई "Participatory Planning and Budgeting Process" सम्बन्धी तालिम प्रदान गरिएको छ ।






यसै गरी स्थानीय आर्थिक विकास र जलवायु सम्वर्द्धन गर्ने पूर्वाधार निर्माणका नविनतम लगानी विधि अपनाउने क्षमताको विकासका लागि सहभागी १५ नगरपालिकाका ३० जना ईन्जिनियर तथा वातावरण विभागका प्रमुखहरूलाई जलवायु अनुकूल र दिगो सहरी पूर्वाधार "Advocating Climate Resilient and Sustainable Urban Infrastructure" सम्बन्धी तालिम प्रदान गरिएको छ ।





यस कार्यक्रम अन्तर्गत कोषले धुलिखेल नगरपालिकाको लागि नेपालमै पहिलो पटक लागु गरिएको Street Addressing सहितको House Numbering System (Navigation based house Numbering system) को विकास गर्ने कार्य सम्पन्न गरी धुलिखेल नगरपालिकाले यस प्रणालीलाई आफ्ना वडाहरूमा जडान गर्ने कार्य पनि सम्पन्न गरिसकेको छ ।






# नगर विकास कोषको आयोजना



# सञ्चालन भएका नगरपालिका तथा साना शहरहरू

| विवरण | नगरपालिकाको संख्या | साना शहर खानेपानी र सरसफाई क्षेत्र परियोजनाको संख्या |
|---|---|---|
| प्रदेश नं. १ | २१ | २४ |
| मधेश प्रदेश | १८ | ८ |
| बागमती प्रदेश | १८ | १४ |
| गण्डकी प्रदेश | ७ | २६ |
| लुम्बिनी प्रदेश | १५ | १७ |
| कर्णाली प्रदेश | ३ | ७ |
| सुदूरपश्चिम प्रदेश | ७ | १४ |
| जम्मा | ८९ | ११० |



यसै कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकास र जलवायु सम्वर्द्धन गर्ने पूर्वाधारहरूको विकास तथा तयारीका लागि विभिन्न नगरपालिकाहरूमा १७ वाट शहरी पूर्वाधारका Bankable Project को DPR तयारीका लागि परामर्शदाता परिचालन भई अध्ययन कार्य अगाडि बढाईएको छ ।




*(वुटवल उप-महानगरपालिकाको पुरानो वटौली बजार क्षेत्रमा परम्परागत र ऐतिहासिक वस्तीहरूको "शहरी पुनर्जिवन" सम्बन्धी आयोजनाको लागि DPR तर्जुमा गर्नुपर्ने क्षेत्र निर्धारणका लागि स्थानीय जनप्रतिनिधी तथा स्थानीय जनससुदाय बीच छलफल तथा स्थलगत सर्वेक्षण कार्यक्रम)*

नगरपालिका वित्त तथा क्षमता विकास (MFCB) कार्यक्रम अन्तर्गत सहभागी १५ वटा स्थानीय सरकार मध्येका ४ ओटा (धनगढी उपमहानगरपलिका, धरान उपमहानगरपालिका, धुलिखेल नगरपालिका र हरिवन नगरपालिका) को सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि "ICT-Based Municipal Service Delivery System" विकासका लागि परामर्शदाता परिचालन गरी यस प्रणालीको विकास गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । साथै सहभागी १५ वटा स्थानीय सरकार मध्येका ४ ओटा (धरान उपमहानगरपलिका, तानसेन नगरपालिका, गोरखा नगरपालिका र भिमदत्त नगरपालिका) मा विद्युतिय घर नक्सा पास प्रणाली (Establishment of Electronic Bulilding Permit System (e-BPS) सञ्चालनन गर्ने उद्देयले Electronic Bulilding Permit System (e-BPS) विकासका लागि परामर्शदाता परिचालन गरी यस प्रणालीको विकास गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

## ४.२ संयुक्त राष्ट्र पूँजी विकास कोषसँगको सहकार्य (United Nations Capital Development Fund)

UN CDF
Impact Capital for Development

स्थानीय सरकार/नगरपालिका र नगर विकास कोष समेतको वित्तीय व्यवस्थान क्षमता विकास गरी पूर्वाधार बिकासका लागि पुँजीगत लगानीका विभिन्न नविनतम बिधिहरू अबलम्बन गर्नका निमित्त नगर विकास कोष र संयुक्त राष्ट्र पुँजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यको लागि मिति २५ मंसीर २०७४ (11 December 2017) मा समझदारी भई साझेदारी कार्यक्रमको ३ वर्षे अवधि सम्पन्न भई थप मिति ३१ अगष्ट २०२४ सम्म UNCDF र कोष बीच सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ ।

यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासमा पुँजीगत लगानीका लागि आयोजना विकास तर्जुमा, व्यवस्थापन तथा राजस्व अभिवृद्धिका साथसाथै नगर विकास कोष संस्थागत विकासका निमित्त संयुक्त राष्ट्र पुँजी विकास कोषबाट प्राप्त प्राविधिक सहयोग परिचालन भैरहेको छ ।

UNCDF को प्राविधिक सहयोगमा क्षेत्रिय एवम् स्थानीयस्तरमा आर्थिक वृद्धिको महत्वपूर्ण उपकरणको रूपमा रहेको Sub National Debt को अवधारणालाई

राष्ट्रियस्तरमा स्थापित गर्नका लागि Sub National Debt Policy Paper तयार गर्ने कार्य सम्पन्न भैसकेको छ । नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण र वृद्धि सहित पुनःसंरचना लागि आवश्यक संस्थागत तयारीका लागि कोषको Organizationl Capacity Assesstment (OCA) र O & M Study सम्पन्न गरिएको छ ।

आ.व. ०७९।८० मा UNCDF को प्राविधिक सहयोगमा स्थानीय निकायहरूलाई सम्पत्ति व्यवस्थापन मार्फत सम्पत्तिको कार्यदक्षता तथा प्रभावकारीतामा सुधार, संस्थागत दिगोपनमा सुधार, वित्तीय लगानीको उपयोगमा सुधार र सम्पत्तिमा गरिने लगानीको उचित निर्णय गर्नमा सहजताका लागि ५ वटा नगरपालिकाहरूमा प्रत्येक नगरपालिकाहरूको सम्पत्तिको अभिलेखीकरणका लागि United Nations Office for Project Services (UNOPS) ले तयार गरको सम्पत्ति व्यस्थापन सम्बन्धी विद्युतिय सफ्टवयरमा नगरपालिकाहरूको भौतिक पूर्वाधार लगायतका सम्पत्तिहरूको अभिलेखिकरण गरी सो अनुसारको कार्यान्वयवनका लागि सम्बन्धित नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत गराई अघि बढाउने कार्यका थालनी गरिएको छ ।

सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन (Public Asset Management) सम्बन्धमा विद्यमान कानून, नीति तथा प्रचलित अभ्यासका सम्बन्धमा UNDESA, UNOPS को प्राविधिक सहयोगमा १७ वटा नगरपालिकाहरूका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, ईन्जिनियर र अधिकृतज्यूहरूको सहभागितामा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विज्ञहरूबाट सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन (Public Asset Management) सम्बन्धी कार्यशाला गाष्ठी सम्पन्न गरिएको छ ।




*(सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन (Public Asset Management) सम्बन्धी कार्यशाला गोष्ठी)*

## ४.३ हरित जलवायु कोष (Green Climate Fund)

हरित जलवायु कोषले राष्ट्रहरूको हरित गृह ग्याँस उत्सर्जन न्युनीकरण तथा जलवायु परिवर्तन अनुकूल विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । यस हरित जलवायु कोष अन्तर्गत नगर विकास कोषमार्फत् जलवायु परिवर्तन अनुकुलन तथा न्युनीकरणका प्रति आयोजना अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका मझौला आयोजनाहरूमा अनुदान, सरल ऋण र ग्यारेन्टीका रूपमा वित्तीय स्रोत परिचालन गर्न सकिने अवसर प्राप्त हुनेछ ।

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय स्रोत प्रादेशिक सरकार र स्थानीय सरकारसँगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन र न्युनीकरणका आयोजनाहरू (विद्युत्तीय सार्वजनिक यातायात, ऊर्जा दक्षता, सौर्य ऊर्जा, सिमसार संरक्षण तथा व्यवस्थापन, बहुउद्देश्यीय जल भण्डारण) आदि पुर्वाधार विकासमा ऋण तथा अनुदान परिचालन गर्ने लक्ष्य लिएको छ । Green Climate Fund (GCF) मा

कोषलाई मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको प्रथम चरण सम्पन्न भै दोस्रो चरणको प्रक्रियामा रहेको छ ।

आ.व ०७९।८० मा कोषलाइ Green Climate Fund (GCF) वाट मान्यता (Accredation) प्राप्त संस्था गर्ने कार्यको दोस्रो चरणको प्रक्रियाका लागि National Designated Authorities (NDAs), अर्थ मन्त्रालय मार्फत समन्वय भै GCF को Readiness and Preparatory Support Programme अन्तर्गत GCF को मान्यता प्राप्तीको आवेदन प्रक्रियालाई तिब्र पार्न तथा आयोजना विकासका लागि प्राविधिक सहयोग प्राप्त भएको ।

आ.व. ०७९।८० मा काठमाण्डौ उपत्यकामा विद्युतिय वस (Electrical Bus Rapid Transit-eBRT) को अवधारणापत्रलाई अर्थ मन्त्रालय मार्फत Project Preparatory Facility प्रदान गर्नका लागि GCF मा पठाईएको छ ।Financial Sector Stability Programme (FSSP)/ Foreign, Commonwealth and Development Office (FCDO) सँगको सहकार्यमा कोषको प्राविधिक सहयोगमा लुम्विनी प्रदेशमा Electric Bus सञ्चालनका लागि प्रारम्भिक अध्ययन सम्पन्न गरी GCF को स्रोत परिचालन गर्नेगरी Country Program Pipeline मा समावेश गर्न अर्थ मन्त्रालयमा पेश गरिएको छ । साथै GCF को स्रोत परिचालन गर्नेगरी काठमाण्डौं उपत्यकामा Urban Cable Car आयोजनाका लागि अवधारणापत्र तयार गरिएको छ ।



*(काठमाडौं उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रूपान्तरणकारी आयोजना-विद्युतिय वस (Electrical Bus Rapid Transit–eBRT) को आवधारणा पत्रमा नगर विकास कोष र काठमाडौं महानगरपालिका बीच सहकार्यका लागि छलफल)*

# ५. संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापन

कोषका कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनःसंरचना गर्नेगरी रूपान्तरणको चरणमा रहेसँगै कोषको संस्थागत विकास, शहरी पूर्वाधार क्षेत्रमा कोषको लगानी क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउन व्यावसाय प्रवर्द्धन र कोषको ४ वर्षे (आ.व. ०७७/७८ देखि ०८०/८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको प्राप्तिका निम्ति कोषको संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापनतर्फ आ.व. ०७९/८० मा प्राप्त उपलब्धी तथा भएका प्रयासहरूलाई देहाय वमोमिज संश्लेषण गरिएको छ :

### (क) संस्थागत विकासतर्फः

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१।२६ निर्णयबाट "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" स्वीकृत ।
- "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" ले कोषको अधिकृत पुँजी ५० अर्ब, जारी पुँजी ५० अर्ब र चुक्ता पुँजी २० अर्ब पुऱ्याउने लक्ष्य सहितको पुँजी संरचना, पूर्ण स्वायत्त एवम् व्यावसायिक रूपमा सञ्चालन, कार्य क्षेत्र विस्तार, सञ्चालक समितिको पुनर्संरचना, व्यवस्थापकीय पुनर्संरचना, लगानीको सुरक्षण र नियमन सम्बन्धी व्यवस्था, कोषको कानूनी पुनर्संचना लगायतको लक्ष्य निर्धारण गरेको ।
- कोषले शहरी पूर्वाधार निर्माणका लागि प्रवाह गरिने ऋण तथा अनुदान सम्बन्धी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन "लगानी विनियमावली, २०७९" मिति २०७९ फागुन २ देखि लागु ।
- कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन "ऋण असुली विनियमावली, २०७९" मिति २०७९ फागुन २ देखि लागु ।
- कोषबाट गरिने लगानीका क्षेत्रहरूका आधारमा मिति २०८० बैशाखबाट लागु हुने गरी व्याजदरमा पुनरावलोकन ।
- सहवित्तीय (कन्सोर्टियम) विधिबाट आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोष, बैंक तथा वित्तीय संस्थाको संयुक्त ऋण र ऋणीको योगदान समेतका आधारमा लगानी गर्ने प्रावधान सहित कोषको लगानी विनियमावली, २०७९ मा व्यवस्था गरिएको ।
- लगानी विनियमावली, २०७९ मा आधारभूत सामाजिक पूर्वाधार आयोजनाको हकमा संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय सरकार को लगानी हुने गरी स्वीकृत भएको आयोजनामा कोषबाट हुने लगानीका लागि जग्गा सम्बन्धमा सरलीकरण गरिएको ।
- लगानीका विभिन्न विधीहरू सहित आर्थिक एवम् सामाजिक पूर्वाधारका आयोजनाहरूमा अनुदान तथा ऋण मिश्रण गरी गर्नेगरी "लगानी विनियमावली, २०७९" व्यवस्था गरिएको ।
- कोष सञ्चालक समितिको मिति २०८०।०३।१५ को बैठकको निर्णयानुसार कोषको Organizationl Capacity Assesstment (OCA) र O & M Study को आधारमा कोषको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनको प्रक्रिया अगाडि बढाईएको ।
- कोषको कार्यलाई डिजिटल प्रणाली (Automation System) मा रूपान्तरणका लागि कोषको Management Information System, Real time Monitoring System, Micro Banking System हरूमा अद्यावधिक तथा स्तरोन्नती गरिएको ।

- कोषले खानेपानी क्षेत्रमा स्थानीय सरकार एवम् खानेपानी उपभोक्ता संस्था मार्फत गरेको लगानी, उपभोक्ता संस्थाहरूको क्षमता विकास, आयोजनाहरूको दिगो सञ्चालन एवम् व्यवस्थापन र ऋण असुलीमा विगत २० वर्ष भन्दा बढी देखि पुऱ्याएको योगदान र यस क्षेत्रमा प्राप्त गरेको अनुवभहरू सम्बन्धमा अध्ययन गरी "खानेपानीमा दशकौं लगानी Decades in financing in water supply" स्मारिका प्रकाशन गरिएको छ ।

### (ख) व्यावसाय प्रवर्द्धनतर्फ

- देशका ७ प्रदेशहरू अन्तर्गतका २९३ वटा नगरपालिकाहरूको सहभागितामा कोषको पुनः संरचना सम्बन्धी रणनीती पत्र, पुर्वाधार निर्माणमा वित्तीय उपकरणहरूको परिचालन, आयोजना तयारी, लगानी एवम् आयोजना चक्र, कोषको स्रोत व्यवस्थापन, आयोजनामा जग्गा सम्बन्धी कानुनी व्यवस्था तथा कोषको नयाँ ऋण असुली विनियमावली तथा लगानी विनियमावलीका सम्बन्धमा प्रदेश स्तरीय अन्तरक्रियात्मक कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ ।






*(वागमती प्रदेशस्तरीय कार्यशाला गोष्ठी)*

- दातृ संस्था ए.डि.वी. को सहयोगमा सञ्चालन हुने Urban Resileience and Livelihood Improvement Project (URLIP) आयोजना कोष समेतको सहभागितामा लुम्विनी प्रदेश अन्तर्गत (Greater Lumbini Buddha Circuit) कोरिडोर नगरपालिकाहरू (सिद्धार्थनगर, सैनामैना, तिलोत्तमा, लुम्बिनी साँस्कृतिक र देवदह नगरपालिकाहरू), जनकपुर उपमहानगरपालिका, नेपाल सरकार र ADB, TDF, URLIP बीच January, 2024 मा सम्झौता सम्पन्न । आयोजनाको अनुमानित कुल लागत 207.5 million डलर मध्ये नेपाल सरकारबाट ७५% अनुदान, नगर विकास कोषबाट १८ % ऋण र नगरपालिकाको सहलगानी ७% हुने छ ।
- पोखरा महानगरपालिकामा Integrated Tourism Infrastructure Project को अध्ययन, लगानी, निर्माण, सञ्चालन र व्यवस्थापन गर्न Special Purpose Vehicle (SPV) Company पोखरा महानगरपालिका, नगर विकास कोष र नेपाल पूर्वाधार बैंक लिमिटेडको शेयर स्वामित्वमा स्थापना गर्नका निमित्त त्रिपक्षीय सम्झौता सम्पन्न ।



- खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका ४३ वटा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका लेखाक्षेत्रमा कार्यरत कर्मचारीहरूलाई विलिङ तथा एकाउन्टिङ सफ्टवेयर सम्बन्धी ५ दिने तालिम प्रदान गरिएको छ ।






- खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरूका अध्यक्षहरूलाई आयोजनाको बीमा सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- NADA Automobiles Association of Nepal बाट आयोजना गरिएको EV NADA EXPO 2022, EV Chautari को Business Model and Financing on Electric Vehicle सम्बन्धी छलफल कार्यक्रममा विद्युतीय सवारी साधनको प्रवर्द्धन, तथा लगानीका लागि कोषल गरेका प्रयासहरूका सम्बन्धमा जानकारी गराइएको थियो ।



- University of Edinburgh, Institute of Engineering IOE, National Society for Earthquake Technology, Nepal (NSET), Practical Action (PA), Southasia Institute of advanced Studies (SIAS) and Nepal Development Research Institute (NDRI) को संयुक्त आयोजनामा आयोजना गरिएको "TOMORROW'S CITIES: All Hub Meeting" मा नगर विकास कोषले शहरी पूर्वाधारको क्षेत्रमा पुऱ्याएको योगदान, कोषका कार्यक्रमहरू, भावि कार्यक्रमहरू तथा शहरी वातावरण तथा जीवनस्तरमा सुधार ल्याउन कोषले प्राथमिकतामा राखेका आयोजनाहरूका सम्बन्धमा प्रस्तुतीकरण गरी भोलिको सुरक्षित तथा व्यवस्थित शहरका लागि गुणस्तरीय आयोजनाको विकास (DPR), मिश्रित लगानी (ऋण तथा अनुदान) अवधारणा, आयोजनाको प्राथमिकिकरण, Green Resilient and Inclusive Development जस्ता क्षेत्रमा शहरी विकासमा संलग्न साझेदार निकाय बीच नतिजामुखी सहकार्यका लागि आव्हान गरिएको थियो ।





- नेपाल पूर्वाधार सम्मेलन (Nepal Infrastructure Summit. 2022) को चौथो संस्करणका अवसरमा यातायात, ऊर्जा, सहरी विकास, हरित, जलवायु, उत्थानशील पूर्वाधार परियोजनाहरूसँग सम्बन्धित विभिन्न सत्रहरूहरूमा गरिएको छलफलको क्रममा URBAN INFRASTRUCTURE FOR LIVABLE CITIES का विषयमा गरिएको छलफलमा कोषबाट व्यवस्थित शहरी विकासका लागि दिर्घकालिन योजना तथा कोषले पूर्वाधार विकासका लागि गरेका प्रयास तथा भावि योजनाहरूका सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो ।



- कोषबाट नेपाल नगरपालिका संघको ८ औ राष्टिय अधिवेशन तथा Symposium on Sustainable Cities and Communities का अवसरमा Service delivery, Investment and Municipal Finance को विषयमा गरिएको छलफल कार्यक्रममा नगरपालिकाहरूको आन्तरिक आय वृद्धिका लागि आयमूलक आयोजनाहरू ऋण लगानीको माध्यमबाट निर्माण तथा विस्तार गर्न नगरपालिकाहरूको पूर्वाधार विकासमा Debt Financing को अवधारणाको महत्व तथा नगर विकास कोषले स्थानीय सरकारका पूर्वाधार विकासमा दीर्घकालीन ऋण परिचालनमा प्राप्त गरेको सफलताका बारेमा जानकारी गराइयो । साथै विभिन्न साझेदार निकायहरूको गतिविधीका सम्बन्धमा जानकारीमूलक Exhibition Event मा नगर विकास कोषले दिगो शहरी पूर्वाधार विकासका लागि पुर्‍याएको गतिविधिका सम्बन्धमा जानकारीमूलक प्रदर्शनमा भाग लिइएको थियो ।





## (ग) जनशक्ति व्यवस्थापनतर्फः

आ.व. ०७९।८० मा कोषको संस्थागत सुदृढीकरण, कोषको व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको प्राप्ति एवम् नयाँ ठूला आयोजनाहरू तयारीका चरणमा रहेकोले कोषको O & M गरी कोषमा दक्ष जनशक्तिको व्यवस्थापन एवम् कोषको O & M वमोजिम आवश्यकता अनुसार प्रदेशमा शाखा कार्यालय स्थापना गरी जनशक्तिको व्यवस्थापन गरिने लक्ष्य रहेको थियो । आ.व. ०७९।८० मा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१।२६ निर्णयबाट "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" स्वीकृत भएको छ । रणनीति पत्रले कोषलाई पूर्ण स्वायत्त एवम् व्यावसायिक रूपमा सञ्चालन गर्न, कार्य क्षेत्र विस्तार गर्न, पुँजीगत पुनर्संरचना गर्न, सञ्चालन समितिको पुनर्संरचना गर्न, व्यवस्थापकीय पुनर्संरचना गर्न, लगानीको सुरक्षण गर्न र नियमन सम्बन्धी व्यवस्था गर्न कोषको कानूनी पुनर्संचना लगायतको लक्ष्य निर्धारण गरेसँगै कोष सञ्चालक समितिको मिति २०८०।०३।१५ को बैठकको निर्णयानुसार कोषको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनको प्रक्रिया अगाडि बढाईएको छ ।

हाल कोषको स्वीकृत सङ्गठन संरचना वमोजिम प्रशासन, वित्त तथा प्राविधिक सेवा समूह तथा तहमा गरी ३४ दरवन्दीहरू मध्ये विभिन्न सेवा समूह तथा तहमा कूल २२ पदमा कार्यरत रहेका छन् ।

कोषको संस्थागत विकासका लागि शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत एशियाली विकास बैंकको प्राविधिक सहयोग अन्तर्गत ५ जना विज्ञहरूको नियमित सेवा प्राप्त भैरहेको छ ।

युरोपियन युनियन (EU) को अनुदान सहयोगमा सञ्चालित Municipal Finance and Capacity Building (MFCB) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि Pojet Coordinator / Planing Monitoring and Evaluation Specialist सहित विषय विज्ञहरू कार्यरत रहेका छन् ।

## (घ) राष्ट्रिय, अन्तराष्ट्रिय दातृ संस्था एवम् संघ सस्थासँगको सहकार्यतर्फः

- World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) सँग कोषबाट प्रदान गर्न सकिने Sub-National Borrowing परिचालनका लागि वित्तीय सहयोगको सम्भावना तथा नगरपालिकाको वित्तीय क्षमता अभिवृद्धिका क्षेत्रमा प्रदान गर्न सकिने वित्तीय तथा प्राविधिक सहयोगको सम्बन्धमा सहकार्यका लागि छलफल भई आवश्यक प्रक्रियागत कार्य अगाडि बढाईएको छ ।



*(World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) का पदाधिकारीहरूसँग छलफल)*

- एशियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने एकीकृत शहरी खानेपानी तथा सरसफाई आयोजना (Integrated Urban Water Supply and Sanitation Sector Project -IUWSSSP) अगाडि बढाउने क्रममा आयोजनाको अवधारणा तथा आयोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि प्रस्तावित संस्थागत संरचना सम्बन्धमा कोष र ए.डि.वि. बीच छलफल भई आवश्यक प्रक्रियागत कार्य अगाडि बढाईएको छ ।



*(एकीकृत शहरी खानेपानी तथा सरसफाई आयोजना अगाडि बढाउने क्रममा ए.डि.वि. मिसनका Team Leader, मिसन पदाधिकारीहरू तथा कोषका सम्बन्धित पदाधिकारीहरू सहित छलफल)*

- अन्तराष्ट्रिय संस्था CITYNET (The Regional Newtowrk of Local Authority for the Management of Human Settlements) सँग आवद्ध भई कोषको लगानी प्रवर्द्धन, सहस्राब्दी लक्ष्य प्राप्ती तथा क्षमता अभिवृद्धिमा सहकार्यका लागि कोषले सदस्यता प्राप्त गरी CITYNET सँग आवद्ध भएको छ ।

# ६. अनुगमन तथा मुल्याङ्कन

कोषको आ.व. ०७९/८० को वार्षिक निति, कार्यक्रम तथा बजेट अनुसारको लक्ष्य तथा कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन विभिन्न चरणमा गर्ने गरी Performance Monitoring Framework (PMF) मा सुचकहरू निर्धारण गरी मासिक रूपमा कार्यकारी निर्देशक तहमा र त्रैमासिक रूपमा मन्त्रालय स्तरीय समीक्षा गरी आवश्यक राय सुझाव लिई मुल्याङ्कन गर्ने गरिएको छ । कोषले सोही आ.व. का लगानी लक्ष्य तथा ऋण असुली लक्ष्य अनुसार आयोजनाहरूको गुणस्तरीय रूपमा समयमा भौतिक प्रगति भए वा नभएको तथा तत्काल समस्या समाधान आदिका लागि शहरी पुर्वाधारका आयोजना तथा खानेपानी तथा सरसफाई क्षेत्रका आयोजनाहरूको कोषका विभिन्न तहका अधिकारीवाट स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्ने गरिएको छ । साथै विभिन्न समयमा दातृ-निकायका प्रतिनिधिको मिसनमा पनि अनुगमन तथा मुल्याङ्कन गरी समिक्षा सहित सुधार गर्ने गरिएको छ । यस आ.व. मा कोषबाट ऋण लगानी, ऋण असुली, आयोजनाको प्रगति, आयोजनाको छनौट, तयारी आदि उद्देश्यका लागि विभिन्न नगरपालिका तथा साना शहरहरूमा स्थलगत अनुगमन गरिएको छ । कोषले शहरी पूर्वाधार विकासका विभिन्न क्षेत्रमा लगानी गरेको आयोजनाको उद्देश्य अनुसार लक्षित समुदायहरू लाभान्वित भए वा नभएको, प्रतिफल पाप्त भए वा नभएको, सेवा प्रवाहको तथा आयोजनाको सञ्चालन तथा व्यवस्थापनको प्रभावकारी सम्बन्धमा तथा कोषको लगानीले पुर्वाधार विकास तथा आर्थिक क्षेत्रमा गरेको योगदानको मुल्याङ्कन समेत गरी आवश्यक राय सुझाव प्रदान गरिएको ।



*कोहलपुर नगरपालिकाको क्षेत्रीय बसपार्क आयोजनाको अनुगमन तथा निरिक्षण भ्रमण*



*बेनी खानेपानी तथा सरसफाई आयोजनाको अनुगमन तथा निरिक्षण भ्रमण*

# ७. कोषको वित्तीय अवस्था

आ.व. २०७९।८० का लागि तय गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाहरू एवम् कोषको व्यावसायिक योजना (आ.व.२०७७।७८ देखि आ.व. २०८०।८१) ले तय गरेका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कोषले अवलम्वन गरेका नीति, रणानीतिहरूलाई मध्येजनर गर्दै नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पुँजी कोष समेतको परिचालन गरी आ.व. २०८०।८१ का लागि ऋण तथा अनुदान लगानी, ऋण असुली, ऋण भुक्तानी, सञ्चालन आम्दानी, खर्च व्यवस्थापन एवम् पुँजी कोष वृद्धिमा आ.व.०७९।८० को अवस्थालाई देहाय वमोजम संश्लेषण गरिएको छ ।

**७.१.** आ.व. २०७९।८० का लागि तय गरिएका माथि उल्लिखित विभिन्न कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पुँजी कोष समेतको परिचालन गरी जम्मा कुल रू. २ अर्व ४१ करोड ८९ लाख ८४ हजार लगानी गर्ने लक्ष्य राखिएकोमा आ.व. ०७९।८० मा कोषबाट रू. १ अर्व १२ करोड ११ लाख ऋण र १ करोड ८९ लाख ५३ हजार अनुदान गरी जम्मा रू. १ अर्व १४ करोड ६६ लाख लगानी भएको छ ।

## ७.२ ऋण असुली :

कोषको ऋण असुलीमा प्रभावकारिता ल्याउनका लागि विगतमा गरिएका लगानीहरूलाई समय सीमा भित्र साँवा ब्याज सहित प्राप्त गर्न सुधारात्मक कार्यहरू अगाडी बढाउँदै कोषले आ.व. २०७९।८० मा साँवा तथा व्याज गरी जम्मा रू. १ अर्व ७६ करोड ५ लाख असुल हुनुपर्ने रहेको थियो । कोषको ऋण असुलीमा प्रभावकारिता ल्याउन आ.व. ०७९।८० मा कोषको ऋण असुली विनियमावली, २०७९ मा स्वीकृत भई कार्यान्वयनमा आउनु यस आ.व.को महत्वपूर्ण उपलब्धीको रूपमा लिईएको छ । कोषले आ.व. ०७९।८० मा साँवा तथा व्याज गरी जम्मा रू. १ अर्व ७१ करोड ७६ लाख १५ हजार असुल हुनुपर्नेमा रू. ८६ करोड ६२ लाख २७ हजार असुल भएको छ ।

## ७.३ ऋण भुक्तानी:

कोषले विभिन्न दातृ निकायहरू मार्फत सञ्चालित कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको

छ । यस अनुसार आ.व. ०७९।८० मा भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याज रू. ३२ करोड १३ लाख २ हजार रहेकोमा रू. ३७ करोड ४८ लाख ५६ हजार भुक्तानी गरिएको छ ।

## ७.४ आम्दानी

कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानी समेतवाट आ.व. २०७९।८० मा कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान मा कुल रू. ९१ करोड ९४ लाख ७५ हजार आम्दानी हुने अनुमान गरिएको गरिएकोमा जम्मा रू. ८३ करोड ९७ लाख ६३ हजार आम्दानी हुन गई ९१ प्रतिशत प्रगति हासिल भएको छ ।

## ७.५ कूल सञ्चालन खर्च:

आ.व. २०७९/८० मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर सञ्चालन खर्च गरी कुल

खर्च रू. ४५ करोड १४ लाख ८० हजार हुने अनुमान गरिएकोमा कूल रू. २८ करोड ३४ लाख ९४ हजार खर्च भई अनुमानको ६३ प्रतिशत खर्च हुन गएको छ । जस मध्ये व्याज खर्चतर्फ रू. १२ करोड ७८ लाख ९५ हजार, कर्मचरी खर्चतर्फ रू. ४ करोड ६२ लाख ४७ हजार, कार्यालय सञ्चालन खर्चतर्फ रू. ३ करोड ५२ लाख ७ हजार, अनुसन्धान तथा विकास खर्चतर्फ रू. ११ लाख ९८ हजार, नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (MFCB) तर्फ रू. ५ करोड ६१ लाख ४ हजार, संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमतर्फ रू. १ करोड ६८ लाख ४३ हजार रहेको छ ।

## ७.६ वचत:

आ.व. ०७९।८० मा कूल आम्दानी रू. ९१ करोड ९४ लाख रू. ७५ हजारमा रू. ४५ करोड १४ लाख ८० हजार कुल खर्च भई रू. ४६ करोड ७९ लाख ९५ हजार वचत हुने अनुमान गरिएको छ भने उक्त वचत रकमबाट रू. ११ करोड कर तिर्ने लक्ष्य राखी खुद वचत रू. ३५ करोड ७९ लाख ९५ हजार हुने अनुमान गरिएकोमा वास्तविक कुल आम्दानी रू. ८३ करोड ९७ लाख ६३ हजारमा कुल खर्च रू. २८ करोड ३४ लाख ९४ हजार भएकोमा वचत रू. ५५ करोड ६२ लाख ६९ हजार भई अनुमानको ९६ प्रतिशत प्रगति हुन गएको छ । उक्त वचतमा कर वापत रू.१० करोड ५६ लाख १७ हजार तिरी रू.४५ करोड ६ लाख ५२ हजार वचत भई अनुमानको १२६ प्रतिशत प्रगति हासिल भएको छ ।

# ८. कोषको भावी योजना

बढ्दो शहरीकरणसँगै देश संघीय शासन पद्धतिमा रूपान्तरण भईसकेको अवस्थामा संघीयताको भावना अनुरूप स्थापना भएका प्रादेशिक तथा स्थानीय सरकारलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका लागि आवश्यक पर्ने वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्न सक्ने एक सुदृढ संस्थाको टड्कारो आवश्यकता रहेसँगै नेपालको शहरी पूर्वाधार विकासको क्षेत्रमा लामो अनुभव संगालेको कोषलाई  एक व्यावसायिक तथा सुदृढसंस्थाको रूपमा रूपान्तरणका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१।२६ निर्णयबाट "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" स्वीकृत भैसकेको छ । सोहि बमोजिम "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र" ले कोषको अधिकृत पुँजी ५० अर्ब, जारी पुँजी ५० अर्ब र चुक्ता पुँजी २० अर्ब पुऱ्याउने लक्ष्य सहितको पुँजी पुनःसंरचना, पूर्ण स्वायत्त एवम् व्यावसायिक रूपमा सञ्चालन, कार्य क्षेत्र विस्तार, सञ्चालक समितिको पुनर्संरचना, व्यवस्थापकीय पुनर्संरचना, लगानीको सुरक्षण र नियमन सम्बन्धी व्यवस्था, कोषको कानूनी पुनर्संचना लगायतको लक्ष्य निर्धारण गरेको छ । कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्रको मर्म अनुसार कोषलाई संघ प्रदेश र स्थानीय सरकार एवम् वित्तीय संस्थाको समेत स्वामित्व रहने, प्रदेश तथा स्थानीय सरकारबाट सार्वजनिक नीजि साझेदारी अवधारणामा तयार भएका आयोजनामा समेत लगानी गर्नेगरी मुलुकको वित्तीय बजार एवम् निजी क्षेत्रको पुँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक व्यावसायिक र सुदृढ संस्थारूमा स्थापित हुनका लागि कोषको विद्यमान ऐन, २०५३ लाई संघिय संसदबाट संशोधन गराउने कार्यलाई तार्किक निष्कर्षमा पुऱ्याईने छ ।

# ९. नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पूँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र

(नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत मिति २०८०/०१/२६)

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

कर्मचारी प्रशासन शाखा

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७९/८०- ६०९
चलानी नं.:- २४८६

मिति: २०८०/०२/१७

विषयः मन्त्रिपरिषद्को निर्णय पठाईएको सम्बन्धमा ।

नगर विकास कोष
दर्ता नं.: ९८६८
दर्ता मिति: २०८०/२/१८

श्री नगर विकास कोष
बुद्धनगर,काठमाडौं ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/१२/२४ को स्वीकृत प्रस्तावको छाँयाप्रति आवश्यक कार्वाहीको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

श्री प्रशासन

(डिल्लीराज श्रेष्ठ)
उपसचिव

फोन नं.: ४२११८८३, ४२११६७३, फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२८६
इमेल: info@moud.gov.np, वेबसाइट: www.moud.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : म.वै./३२१/6563

शहरी विकास मन्त्रालय
सचिवको निजी सचिवालय
दर्ता नं.:-२६५३
दर्ता मिति: २०८०।२।५

मिति: २०८०/१/२६

श्री सचिव,
सहरी विकास मन्त्रालय।

नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पूँजी पुनःसंरचनासम्बन्धी रणनैतिक पत्र स्वीकृत गर्ने विषय म.प.बै.सं. ५/०८० मिति २०८०/१/२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय–</u>

"नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पूँजी पुनःसंरचनासम्वन्धी रणनैतिक पत्र स्वीकृत गर्ने विषयको सहरी विकास मन्त्रालयको दर्ता नं. २१/१०-०७९/१२/२३ को प्रस्ताव म.प.बै.सं. ५२/०७९ मिति २०७९/१२/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०८०/१/१९ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिम यसैसाथ संलग्न "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचनासम्बन्धी रणनैतिक पत्र" स्वीकृत गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

<u>बोधार्थः</u>
श्री सचिव, मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति।

टेलिफोन : ५९७१०८०, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

४२/०८०
म.स.सं./३२२/६२४७

मितिः २०८०।१।१९

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

मिति २०८०।१।१९ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु।

"नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्बन्धी रणनैतिक पत्र स्वीकृत गर्ने विषयको शहरी विकास मन्त्रालयको दर्ता नं. २१/१०-०७९/१२/२३ को प्रस्ताव म.प.बै.सं ५२/०७९ मिति २०७९/१२/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश भई छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसै साथ संलग्न "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचनासम्बन्धी रणनैतिक पत्र" स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने।"

(दिनेश भट्टराई)
सचिव

शहरी विकास मन्त्रालय
सचिवको निजी सचिवालय
दर्ता नं.:-१३१०
दर्ता मिति:-२०७९/१२/२८

शहरी विकास मन्त्रालय

श्री सचिवालय
१२/२

**विषयः** नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्वन्धी रणनैतिक पत्र स्वीकृत सम्वन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृती प्राप्त मितिः २०७९।१२।१३

१. विषयको संक्षिप्त व्यहोराः

नेपाल सरकारको राष्ट्रिय शहरी नीति, २०६४ मा शहरी पूर्वाधार विकासका लागि विविध वित्तीय स्रोतहरुको पहिचान र परिचालन गरिने तथा नगर विकास कोषको पुँजी प्रवाहलाई सुदृढ गर्दै शहरी पूर्वाधार विकासमा सम्बद्ध निकायहरुको पहुँच सहज बनाउने नीति लिईएको छ । राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा यस कोषलाई सवल वित्तीय संस्था बनाउन स्वपुँजी बढाउने रणनीति रहेको छ । यसै गरी नगर विकास कोषको पुनः संरचनाका लागि नेपाल सरकारले आ.व.२०७६।७७, आ.व.२०७७।७८, आ.व. २०७८।७९ र आ.व.२०७९।८० को वजेट वक्तव्य बमोजिम व्यवस्थापिका संसद समक्ष प्रस्तुत गरेका विभिन्न वार्षिक कार्यक्रम अनुसार नगर विकास कोष ऐन, २०५३ अनुसार स्थापित नगर विकास कोषलाई पुनःसंरचना गरिनेछ भन्ने उल्लेख भएको छ ।

हाल एशियाली विकास बैंकले लिएको सहयोग नीति अनुसार नेपाल सरकारलाई कोभिड महामारी पश्चातको आर्थिक पुनःसुधारका लागि अमेरिकी डलर २०० मिलियन वरावरको ऋण ( Policy Based Loan) उपलब्ध गराउन "NEP (55002-001) : Strengthening Public Finance Management and Devolved Service Delivery Program" Sub-Program One अन्तर्गत विभिन्न नीतिगत कार्यहरु मध्ये यस शहरी विकास मन्त्रालय अन्तर्गतको नगर विकास कोषसँग सम्वन्धित "The Cabinet approved the restructuring strategy of the Town Development Fund in November 2022, with a widened mandate and increased capital structure for increased investment in sub national governments " भएकाले नगर विकास कोषको पूनःसंरचना गरिँदा वैधानिक निकाय (Statutory Body) तथा स्वायत्त संस्थाका रुपमा रहने गरी कोषको अधिकृत पुँजी ५० अर्व, जारी पुँजी ५० अर्व र चुक्ता पुँजी २० अर्व पुऱ्याउने, पुँजी संरचना बमोजिम कोष समितिको पुनःसंरचना हुने, लगानीको क्षेत्र विस्तार तथा ऋण सुरक्षणको व्यवस्था र नेपाल राष्ट्र बैंकको नियमनको दायरामा ल्याउने गरी तयार भएको नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्वन्धी रणनैतिक पत्र स्वीकृत गर्नुपर्ने भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्वन्धी रणनैतिक पत्रमा अर्थ मन्त्रालयको प.स. सं.स.।२०७९।८०, च.नं. ६४१ मिति २०७९।१२।१२ को पत्रबाट सैद्धान्तिक सहमति दिने गरी भएको निर्णय र नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्वन्धी रणनैतिक पत्रको प्रमाणित प्रतिलिपी यसै साथ संलग्न रहेको छ ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस :

माथि प्रकरण नं. १ मा उल्लेख भए बमोजिम तथा नेपाल सरकारको सहमतिको लागि पेश भएको एशियाली विकास बैंकको मिति २०७९।०७।१४ (तदनुसार सन् २०२२ अक्टोबर ३१) को NEP (55002-001) : Strengthening Public Finance Management and Devolved Service Delivery Program - Memorandum of Understanding / Aide Memoire मा नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी बृद्धि सहित पुनःसंरचना रणनीति नेपाल सरकारवाट स्वीकृत गरिने कुरा उल्लेख भएको ।

सुरेश आचार्य
सचिव

File

यस अनुरुप नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्वन्धी रणनैतिक पत्र नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७९।१२।१३ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची- १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. <u>निर्णय हुनुपर्ने व्यहोराः</u>

यसैसाथ संलग्न "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतिकरण एवं पुँजी पुनःसंरचना सम्वन्धी रणनैतिक पत्र" स्वीकृत गर्ने ।

मितिः २०७९।१२।१४

(सुरेश आचार्य)
सचिव

# नगर विकास कोष

नयाँ बानेश्वर, काठमाडौं

# नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनःसंरचना सम्बन्धी रणनीति पत्र

## १. पृष्ठभूमि

नगर विकास कोष, विकास समिति ऐन, २०१३ अनुसार वि.सं. २०४५ सालमा नगर विकास कोष समितिको रूपमा गठन भई नगर विकास कोष ऐन, २०५३ द्वारा स्थापना भएको एक स्वायत्त वित्तीय मध्यस्तकर्ता संस्था हो । कोषले स्थानीय तह, शहरी पूर्वाधार विकाससँग सम्बन्धित संघ/संस्था तथा साना शहरअन्तर्गतका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूलाई नेपाल सरकार र द्विपक्षीय तथा बहुपक्षीय संघ/संस्थाहरूको वित्तीय सहयोगमा आधारभूत सामाजिक र आयमूलक पूर्वाधार निर्माणका लागि ऋण, अनुदान, प्राविधिक सहयोग, अध्ययन तथा अनुसन्धानका माध्यमबाट सहयोग गरिरहेको छ ।

कोषले स्थापना कालदेखि हालसम्म १,३५३ वटा आयोजनाका लागि जम्मा रु. १९ अर्ब ६ करोड ७७ लाख रकम बराबर ऋण तथा अनुदान स्वीकृत गरी जम्मा रु. १४ अर्ब १९ करोड २५ लाख रकम बराबर ऋण तथा अनुदान लगानी गरेको छ । तीव्र रूपमा बढ्दै गइरहेको शहरीकरणलाई व्यवस्थित गरी शहरी वातावरण र जीवनस्तरमा सुधार ल्याउन शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठुलो लगानीको आवश्यकता रहेको छ । पन्ध्रौं पञ्चवर्षीय योजनाले लिएको प्रतिव्यक्ति राष्ट्रिय आयमा वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण, आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै योजना अवधिभित्रै राष्ट्रलाई विकासशील मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य हासिल गर्न लगानीको आवश्यकता बढी भएको वर्तमान अवस्थामा ठुला र आर्थिक पूर्वाधारका आयोजनाहरूको निर्माण तथा विकासमा वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गर्न जरुरी छ।

राष्ट्रिय शहरी नीति, २०६४ र राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले कोषको पुँजी वृद्धिसहित पूर्वाधार विकासका लागि विविध वित्तीय स्रोतहरूको पहिचान तथा परिचालन गर्न कोषलाई सक्षम संस्थाका रूपमा पुनर्संरचना गर्ने कुरा औंल्याइएको छ ।

नेपालको संविधानअनुसार राज्य संरचना र राज्य शक्तिको बाँडफाँट सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएकाले कोषको कार्यक्षेत्र विस्तार गर्न र सेवालाई प्रभावकारी गराउन नेपाल सरकारको आ.व. २०७६/७७ देखि आ.व. २०७९/८० सम्म निरन्तर रूपमा वार्षिक कार्यक्रम तथा बजेटमा कोषलाई पुन:संरचना गर्ने गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने संक्षम संस्थाका रूपमा विकास गरिने कुरा हुँदै आएको छ ।

१

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## २. कोषको पुनर्संरचना गर्नुपर्ने कारण

(क) नेपाल सरकारको आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ र आ.व. २०७९/८० को बजेट वक्तव्य तथा नेपाल सरकारले सङ्घीय संसद्समक्ष प्रस्तुत गरेका विभिन्न वार्षिक कार्यक्रममा नगर विकास कोष ऐन, २०५३ अनुसार स्थापित नगर विकास कोषलाई पुनःसंरचना गरिने उल्लेख भएको ।

(ख) सङ्घीय संरचनाअनुसार प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यावसायिक वित्तीय संस्था बनाउन आवश्यक भएको ।

(ग) कोषको विद्यमान ऐनमा पुँजी संरचनासम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधारहरूमा दीर्घकालीन ऋण परिचालन गर्न पुँजी वृद्धिसहित पुँजी संरचना आवश्यक भएको ।

(घ) राष्ट्रिय शहरी नीति, २०६४ मा शहरी पूर्वाधार विकासका लागि विविध वित्तीय स्रोतहरूको पहिचान गरी परिचालन गर्ने उल्लेख भएको ।

(ङ) राष्ट्रिय शहरी नीति, २०६४ को रणनीतिमा नगर विकास कोषको पुँजी प्रवाहलाई सुदृढ गर्दै शहरी पूर्वाधार विकासमा सम्बद्ध निकायहरूको पहुँच सहज बनाउने उल्लेख भएको ।

(च) राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा शहरी वित्त व्यवस्थाअन्तर्गत नगर विकास कोषलाई सबल वित्तीय संस्था बनाउन स्वपुँजी बढाउने उल्लेख भएको ।

(छ) नेपाल सरकारसमक्ष पेस भएका विभिन्न अध्ययन प्रतिवेदनहरू नगर विकास कोषको पुँजी वृद्धिका लागि कानुनी व्यवस्थासहित पुनर्संरचना गर्ने, नगर विकास कोषले Sub- National Borrowing प्रदान गर्न सक्ने गरी पुनर्संरचना गर्ने, तथा कोषलाई पुनःसंरचना गरी कम्तीमा रु. २० अर्ब बराबर पुँजी संरचना बनाउनुपर्ने उल्लेख भएको ।

(ज) कोषको स्वीकृत व्यावसायिक कार्ययोजना (सन् २०२० देखि २०२४) ले कोषको कानुनी पुनर्संरचना गरी रु. २० अर्ब पुँजी पुर्‍याउने लक्ष्य लिएको ।

(झ) नेपाल सरकार अर्थ मन्त्रालय र एसियाली विकास बैंकबीच सम्पन्न सहमतिअनुसार Nepal : Strengthening Public Finance Management and Devolved Service Delivery Program अन्तर्गत नेपाल सरकारले एसियाली विकास बैंकबाट सहुलियतपूर्ण ऋण बजेटरी सहायताका रूपमा कुल २००

२

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मिलियन अमेरिकी डलर प्राप्त गर्ने विषयमा PRELIMINARY POLICY DESIGN AND MONITORING FRAMEWORK को Prior Reform Action : Sub program 1(Reform Area-2) को दफा १.६ अनुसार स्थानीय तहहरूका शहरी पूर्वाधार विकासका लागि नगर विकास कोषको पुँजी वृद्धिसहित क्षेत्राधिकारमा व्यापक विस्तार गर्ने गरी कोषको पुनर्संरचना रणनीतिलाई नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराउनुपर्ने उल्लेख भएको ।

३. **कार्य क्षेत्र विस्तृतीकरण**

कोषको वर्तमान कार्यक्षेत्रलाई देहायबमोजिम विस्तृतीकरण गरिनेछ:

(क) प्रदेश सरकार र स्थानीय तह ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीग तहद्वारा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप छनौट वा सिफारिस भएका शहरी पूर्वाधार विकासका आयोजना ।

(ग) शहरी पूर्वाधार विकाससम्बन्धी आयोजना सञ्चालन गर्ने निकाय वा आयोजना वा कम्पनी ।

(घ) शहरी पूर्वाधार विकाससम्बन्धी निकायलाई ऋण, अनुदान, शेयर वा त्यस्तै प्रकृतिको पुँजीगत लगानी ।

(ङ) पूर्वाधार विकाससँग सम्बन्धित कुनै पनि बैंक, वित्तीय संस्था वा कम्पनीहरूबाट जारी भएको शेयर वा ऋणपत्रमा लगानी ।

(च) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्रमा लगानी ।

४. **कानुनी पुनर्संरचनाः**

नगर विकास कोष ऐन, २०५३ ले कोषलाई छुट्टै ऐनद्वारा स्थापित निकाय (Statutory Body) को रूपमा व्यवस्था छ। उक्त ऐनको दफा ४ अनुसार कोष अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हो । सो ऐनको दफा ३१ बमोजिम नेपाल सरकारले कोषलाई आदेश वा निर्देशन दिनसक्ने व्यवस्था रहेको छ र कोषले नेपाल सरकारको आदेश वा निर्देशन पालना गर्दै आएको छ ।कोषलाई पूर्ण स्वायत्त एवं व्यावसायिक रूपमा सञ्चालन गर्न, कार्य क्षेत्राधिकार विस्तार गर्न, पुँजीगत पुनर्संरचना गर्न, सञ्चालक समितिको पुनर्संरचना गर्न, व्यवस्थापकीय पुनर्संरचना गर्न, लगानीको सुरक्षण गर्न र नियमनसम्बन्धी व्यवस्था गर्न कोषको कानुनी पुनर्संरचना गरिनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३

५. **पुँजीगत पुनर्संरचना**

(क) नगर विकास तथा शहरी पूर्वाधारमा लगानी बढाउन कोष पुँजी जुटाउने तथा लगानीको क्षेत्र पहिचान गरी पुँजी परिचालन गर्दै शहरी पूर्वाधार विकासको क्षेत्रमा सक्रिय रहेको छ । कोषसँग पुँजी जुटाउने, प्राप्त आयलाई परिचालन गर्ने, सञ्चालन लागत व्यवस्थापन गर्ने, पुँजीगत लागत र ऋण चुक्ता कोषको कार्य सञ्चालनको अभिन्न पक्ष रहेका छन् । साथै कोषलाई आवश्यक परेमा नेपाल सरकारले समय-समयमा अतिरिक्त पुँजी प्रवेश गराउने, ऋण वा ऋणपत्रमार्फत थप पुँजी प्राप्त गर्न सक्ने प्रावधानको व्यवस्था गरिनेछ ।

(ख) कोषको अधिकृत पुँजी न्यूनतम पचास अर्ब रुपैयाँ, जारी पुँजी पचास अर्ब रुपैयाँ र चुक्ता पुँजी बीस अर्ब रुपैयाँ कायम हुनेगरी व्यवस्था गरिनेछ ।

(ग) शेयरको बाँडफाँट विभिन्न शेयर समूहमा विभाजन गरी नेपाल सरकारको कम्तीमा एकाउन्न (५१) प्रतिशत शेयर रहने गरी बाँकी शेयर प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैंक र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय वित्तीय संस्थामा रहने गरी व्यवस्था गरिनेछ ।

(घ) प्रचलित लेखा प्रणाली मापदण्डअनुसार तयार भएको वित्तीय विवरणका आधारमा समितिले खुद मुनाफाको व्यवस्थापन तथा परिचालन गर्ने व्यवस्था गरिनेछ ।

६. **वित्तीय स्रोतः**

कोषको वित्तीय स्रोत देहायबमोजिम हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) द्विपक्षीय, बहुपक्षीय, दातृ निकाय वा अन्तर्राष्ट्रिय संघ-संस्था, गैरसरकारी संघ-संस्था, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता,

(ग) लगानीबाट प्राप्त आय,

(घ) प्रचलित कानुनबमोजिम जारी ऋणपत्र,

(ङ) विभिन्न स्रोतबाट प्राप्त अन्य सहयोग,

(च) प्रचलित कानुनबमोजिम कोषको सम्पत्ति बिक्री वितरणबाट प्राप्त आय ।

७. **कोष सञ्चालक समितिको पुनर्संरचनाः**

(क) कोषको सञ्चालन र व्यवस्थापनका लागि एक सञ्चालक समिति रहनेछ । कोषलाई नेपाल सरकारप्रति उत्तरदायी बनाउन सञ्चालक समितिलाई

४

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

जवाफदेही, व्यावसायिक र स्वायत्ततबीच उपयुक्त सन्तुलन सुनिश्चित गरिनेछ ।

(ख) शहरी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा शेयर लगानी अनुपातको आधारमा सम्बन्धित शेयर समूहका सञ्चालक सदस्यहरू र नेपाल सरकारले तोकेको स्थानीय तहको प्रमुख वा उपप्रमुख वा नेपाल नगरपालिका संघको अध्यक्ष र विषय विज्ञसहितको एक सञ्चालक समितिको व्यवस्था गरिनेछ ।

८. **व्यवस्थापकीय संरचना:**

कोषलाई स्वायत्त तथा व्यावसायिक संस्थाका रूपमा थप क्षेत्राधिकारसहितको पुँजी परिचालन गर्न आवश्यक कर्मचारीका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनका आधारमा कर्मचारीहरूको व्यवस्थापन र परिचालन गरिनेछ । कोषको दैनिक कार्य सञ्चालन गर्न प्रमुख कार्यकारी अधिकृत खुला प्रतिस्पर्धाको आधारमा नियुक्त गरिनेछ ।

९. **कोषको लगानीको सुरक्षण:**

(क) नगर विकास कोष ऐन, २०५३ को दफा १३ ले कोषलाई निकाय वा संस्था विघटन भएको अवस्थामा मात्र पहिलो हकदाबीको अधिकार प्रदान गरेको छ । लगानी सुरक्षित गर्न ऋणीको नगद प्रवाह (cash flow) तथा जायजेथामा प्रथम हकदाबी रहने व्यवस्था गरिनेछ ।

(ख) ऋण प्रवाह गरिएका निकायहरूले कोषको ऋण नतिरेमा ऋण असुल उपर गर्न अन्य उपयुक्त कानुनी व्यवस्था गरिनेछ । प्रदेश सरकार वा स्थानीय तहले तोकिएको अवधिभित्र ऋण चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व रकमबाट कट्टा गरी सो रकम असुल गर्ने कानुनी अधिकार (Revenue Intercept) को व्यवस्था गरिनेछ ।

१०. **कोषको नियमन:**

कोषले गर्ने ऋण लगानी तथा असुलीको प्रक्रियालाई प्रभावकारी बनाउन नियमनकारी निकायको रूपमा नेपाल राष्ट्र बैंकलाइ तोकिनेछ ।

....

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

५

## तालिका नं. ११: आ.व. २०७९/८० को अनुदान तथा ऋण लगानी लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि.नं | कार्यक्रम/आयोजना | | लक्ष्य (लगानी) | | | | प्रगति (लगानी) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | ऋण | आन्तरिक पूँजी खर्च | जम्मा | अनुदान | ऋण | जम्मा | |
| १ | नेपाल सरकार व.उ.शी. नं. ३४७५११०१ नगर विकास कोष | नगरपालिकाहरूमा समाजिक तथा आयमूलक पूर्वाधारमा मिश्रित लगानी विधीबाट अनुदान परिचालन । | ३०,००० | - | - | ३०,००० | - | - | - | |
| | | नगरपालिकाहरूको सामाजिक, वातावरणीय सुधार तथा आयमूलक आयोजनाहरूको सम्भाव्यता अध्ययन, सुपरिवेक्षण तथा आयोजना तयारी, संचालन तथा व्यवस्थापनका लागि क्षमता विकास कार्यक्रम | २५,००० | - | - | २५,००० | १८,९५३ | - | १८,९५३ | |
| | **जम्मा** | | ५५,००० | - | - | ५५,००० | १८,९५३ | - | १८,९५३ | |
| २ | व.उ.शी.नं. ५०१४७१०१ खानेपानी क्षेत्र (वित्तिय व्यवस्था) | सहरी खानेपानी तथा सरसफाई आयोजना (UWSSSP) एशियाली विकास बैंक | - | ७०३,७०० | - | ७०३,७०० | - | ४३९,९२७ | ४३९,९२७ | रू. ५५ करोड ३७ लाख मात्र निकासा प्राप्त । |
| ३ | ५०१४७१०६-शहरी पूर्वाधार विकास आयोजना (वित्तिय व्यवस्था) | शहरी पूर्वाधार विकास आयोजना | | १,१७४,००० | | १,१७४,००० | - | ३१६,२९० | ३१६,२९० | यस. आ.व. मा नेपाल सरकारबाट कुनै पनि निकासा प्राप्त नभएको । |
| | **जम्मा** | | - | १,८४८,७४२ | - | १,८४८,७४२ | - | ८९९,७७५ | ८९९,७७५ | |
| ४ | सह लगानी कार्यक्रम (न.वि.कोष ईक्विटी | | | | | | | | | |
| ४.१ | खानेपानी क्षेत्र आयोजना (साना सहर) | | - | २२०,००० | | २२०,००० | - | १०५,६६१ | १०५,६६१ | |
| ४.२ | खानेपानी क्षेत्र आयोजना (नगरपालिका) | | - | १२५,२४२ | | १२५,२४२ | - | - | - | |
| | **जम्मा** | | - | ४५५,२४२ | - | ४५५,२४२ | - | २२१,३२७ | २२१,३२७ | |
| | **कुल जम्मा लगानी** | | **५५,०००** | **२,३०३,९८४** | **-** | **२,३५८,९८४** | **१८,९५३** | **१,१२१,१०२** | **१,१४०,०५५** | |

# वित्तीय अवस्थाको विवरण

## २०७९ श्रावण १ देखि २०८० असार ३१ सम्मको

रकम रू. मा

| विवरणहरू | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सम्पति** | | |
| नगद तथा नगद समान | १,२४७,३०३,५३४ | १,१२१,१५५,७६७ |
| नगरपालिकाहरूलाई ऋण तथा पेश्की | १०,४७८,५७२,२३२ | ९,७३८,७६४,१३२ |
| अन्य पेश्की तथा ऋण | २६,२१६,६०५ | २९,१००,८६२ |
| लगानी | २,२५०,०००,००० | २,५००,०००,००० |
| चालु कर सम्पति | - | - |
| सम्पत्ति तथा उपकरण | १४५,७१४,४१७ | १४६,७७१,९८५ |
| अमुर्त सम्पत्ति | १११,२१६ | १७०,६८२ |
| स्थगत कर सम्पत्ति | ११०,६९६,२५२ | ११०,६९६,२५२ |
| कन्ट्रिब्युसन रिर्सिएवलस् | १५,२८६ | १५,२८६ |
| अन्य सम्पत्ति | ८६,६२७,९२३ | १८,०७९,९२३ |
| **जम्मा सम्पत्ति** | **१४,३४५,२५७,४६५** | **१३,६६४,७५४,८८९** |
| **दायित्व तथा इक्विटी :** | | |
| **दायित्व** | | |
| अवितरित अनुदान | ३६,१९३,४७९ | ६६,०४६,७६१ |
| ऋण दायित्व | ७,१७१,८५०,१७३ | ६,९०२,०२३,७४६ |
| चालु कर दायित्व | १०,१८८,०९८ | ९५२,०१५ |
| ब्यवस्था | - | - |
| स्थगीत कर दायित्व | - | - |
| अन्य दायित्व | ४१,९७३,९४१ | ३,००२,३२७ |
| **जम्मा दायित्व** | **७,२६०,२०५,६९२** | **६,९७२,०२४,८४९** |
| इक्विटी | | |
| शेयर पूँजी | २,७६२,९७९,७९४ | २,७६२,९७९,७९४ |
| पूँजी कोष योगदान : | | |
| नियन्त्रित कोष | २,०९०,०७८,८१६ | २,१११,००५,४२४ |
| विशेष कोष | ७३,२७८,७१५ | ७३,२७८,७१५ |
| प्रतिधारित आय | - | - |
| साधारण जगेडा | - | - |
| सञ्चित मुनाफा/(घाटा) | २,१५८,७१४,४४९ | १,७४५,४६६,१०७ |
| **जम्मा इक्विटी** | **७,०८५,०५१,७७३** | **६,६९२,७३०,०३९** |
| जम्मा दायित्व तथा इक्विटी | **१४,३४५,२५७,४६५** | **१३,६६४,७५४,८८९** |

* Unaudited Data

# नाफा नोक्सान तथा विस्तृत आयको विवरण

**२०७९ श्रावण १ देखि २०८० असार ३१ सम्मको**

**रकम रू. मा**

| विवरणहरू | यस वर्ष | गत वर्ष |
|---|---|---|
| ब्याज आम्दानी | ७६९,००२,५६७ | ४७३,३७०,९४८ |
| ब्याज खर्च | १२७,८९५,१८५ | ७७,२१७,०१२ |
| **खुद ब्याज आम्दानी** | **६४१,१०७,३८२** | **३९६,१५३,९३७** |
| शुल्क तथा कमिसन आम्दानी | | - |
| शुल्क तथा कमिसन खर्च | ७,९१४ | ८,३३५ |
| **खुद शुल्क तथा कमिसन खर्च** | **(७,९१४)** | **(८,३३५)** |
| **खुद संञ्चालन आम्दानी** | **६४१,०९९,४६८** | **३९६,१४५,६०२** |
| अन्य वित्तीय उपकरणवाट फियर भ्यालुको खुद नाफा | | |
| अनुदान आय | ७१,२८५,४९१ | ३८,८९२,०२४ |
| अन्य आय | ७१३,४९१ | २,२९३,६८८ |
| **जम्मा आय** | **७१३,०९८,४५०** | **४३७,३३१,३१४** |
| वित्तीय सम्पत्तिको खराव नोक्सानी | - | - |
| सम्पत्ति र उपकरणको खराव नोक्सानी | - | - |
| कर्मचारी खर्च | ४६,२४७,११९ | ३५,७६९,३८३ |
| संञ्चालन लिज खर्च | ३,९२०,४०० | ३,५६४,००० |
| ह्रास कट्टी र परिषोधन (Amortisation) | ३,९२९,२२५ | ४,२९५,४८४ |
| अन्य खर्च | ३६,४१२,०३८ | ४१,४१४,६५६ |
| अनुदान खर्च | ७१,५९१,८८० | ३६,१३८,७०३ |
| कर्जा जोखिम ब्यवस्था | - | ७७,१०१,६७४ |
| **कर अघिको मुनाफा** | **५५०,९९७,७८८** | **२३९,०४७,४१४** |
| आयकर खर्च | १३७,७४९,४४७ | ३३,३५७,५९२ |
| **यस अवधिको मुनाफा** | **४१३,२४८,३४१** | **२०५,६८९,८२२** |
| अन्य विस्तृत आय | | |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिने बुँदाहरू** | | |
| पुन : वर्गिकरण गरिएका दायित्व सम्पत्ति र उपदान | | (९,९८८,९४०) |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | २,४९७,२३५ |
| | **-** | **(७,४९१,७०५)** |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिएका वा गर्न सकिने बुँदाहरू** | | |
| विदेशी विनिमय कारोवार वाट भएको फरक | | - |
| सम्पत्ति मूल्याङ्कनमा भएको नाफा नोक्सान | | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - |
| फियर भ्यालु जगेडा | | |
| फियर भ्यालुमा भएको खुद फरक | | - |
| पुन वर्गिकरणले नाफा नोक्सानमा खुद फरक | | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - |
| **अन्य विस्तृत आम्दानी र खुद कर** | **-** | **(७,४९१,७०५)** |
| **जम्मा विस्तृत आम्दानी** | **४१३,२४८,३४१** | **१९८,१९८,११७** |

* Unaudited Data

# नगद प्रवाह विवरण

## २०७९ श्रावण १ देखि  २०८० असार ३१ सम्मको

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संञ्चालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ६३६,१७९,९९७ | ५८०,१५६,०१३ |
| ब्याज खर्च | (८७,८६८,६०१) | (२७,२८७,५०१) |
| कट्टा गरिएको ऋणको असुली | - | - |
| कर्मचारी र सप्लायरलाई नगद भुक्तानी | (८४,५३०,२७६) | (८०,८७८,६८०) |
| **सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगर प्रवाह** | **४६३,७८१,१२१** | **४७१,९८९,८३२** |
| **संञ्चालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | २३७,३०९ | (२३८,६३२) |
| अन्य पेश्की | (७,४७८,४०४) | (५५,६०३) |
| ऋणमा परिवर्तन : | | |
| आयोजनामा ऋण लगानी (टिडिपी /केएफडब्लु) | | - |
| आयोजनामा ऋण लगानी (एडिबी) | (४३९,९२७,३४०) | (५४४,६५०,२४९) |
| आयोजनामा ऋण लगानी (युआईडिपि) | (४५९,८४८,३३६) | (३१६,२८९,५६३) |
| इंक्विटी वाट ऋण लगाानी | (२२१,३२६,५८९) | (१०५,६६१,३७४) |
| नगरपालिकावाट ऋण असुली | ४७३,४४१,६३३ | ३८१,४२०,६०६ |
| चक्रिय कोषमा सारिएको ऋण | (१२०,२६०,६६४) | (६१,१०२,४३५) |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | **(३११,३८१,२७०)** | **(१७४,५८७,४१७)** |
| आयकर भुक्तानी | (१८९,६८३,७३०) | (९८,६१७,९९४) |
| **कारोवार सञ्चालनवाट मौजुदा खुद नगद प्रवाह** | **(५०१,०६५,०००)** | **(२७३,२०५,४११)** |
| **लगानी कारोवारमा नगर प्रवाह** | | |
| बैंकको मुद्दती खातामा लगानी | २५०,०००,००० | (१,५००,०००,०००) |
| कर्मचारी लाई ऋण लगाानी | (३,७७१,५०४) | (५,८३५,४५६) |
| कर्मचारीवाट ऋण असुली | २,८८४,२५७ | ४,३०८,२९६ |
| सम्पत्ति र उपकरणको विक्री प्रकृया | - | - |
| सम्पत्ति र उपकरणको खरिद | (२,५७३,५६७) | (४,४१६,६५२) |
| अमुर्त सम्पत्तिवाट आर्जन | - | - |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **२४६,५३९,१८६** | **(१,५०५,९४३,८१३)** |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| पूँजिगत लगानी कोषमा वृद्धि (जिटिजड र केफडब्लु) | - | - |
| केफडब्लु स्रोत तर्फको कार्यक्रमका लागि प्राप्त रकम | - | १११,८६४,७२३ |
| ब्याज आम्दानी र विदेशी मुद्रा सटही नाफा /घाटा | - | - |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | ५५३,७०२,००० | ७०३,७००,००० |
| नेपाल सरकारवाट प्राप्त म्याचिङ फण्ड | २४,०४६,७४३ | ४१,०९४,३०७ |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम (विश्व बैक स्रोत तर्फको आयोजना) | - | - |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (विश्व बैक स्रोत तर्फको आयोजना) | (७१,५९१,८८०) | (५१,२८५,४२१) |
| अनुदान प्राप्त | - | १९०,२६८,१८० |
| चक्रिय कोषमा बृद्धि : | - | - |
| टिडिपीवाट ऋण असुली | १२०,२६०,६६४ | ६१,१०२,४३५ |
| टिडिपीको ब्याज तर्फवाट | २२,७११,१९८ | २०,३४५,१२९ |
| टिडिपी विशेष वचत तर्फवाट | १५,४२०,४२९ | १३,४११,२३५ |
| नेपाल सरकारलाई अनुदान फिर्ता | - | (५,६९५,५८४) |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (२८३,८७५,५७३) | (७८,१५६,३४८) |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **३८०,६७३,५८१** | **१,००६,६४८,६५६** |
| **नगद तथा नगद समानमा भएको खुद बढ/घट** | **१२६,१४७,७६७** | **(७७२,५००,५६८)** |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | १,१२१,१५५,७६७ | १,८९३,६५६,३३५ |
| नगद तथा नगद समानमा विदेशी विनिमयदरवाट परेको प्रभाव | | - |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **१,२४७,३०३,५३४** | **१,१२१,१५५,७६७** |

* Unaudited Data

# १०. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू

## शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत ऋण सम्झौता कार्यक्रम



(बैरेनी जग्गा एकिकरण आयोजनाका लागि मिति २०७९/८/१४ मा व्यास नगरपालिकासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)



(इटहरी बसपार्क आयोजनाका लागि मिती २०७९/१०/१९ मा इटहरी उप महानगरपालिकासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)

## खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत ऋण सम्झौता कार्यक्रम



(सह-लगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत खैरेनीटार सहलगानी खानेपानी तथा सरसफाई आयोजनाका लागि मिती २०७९/०८/१५ मा खैरेनीटार सहलगानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)



(सह-लगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत तुलसीपुर सहलगानी खानेपानी तथा सरसफाई आयोजनाका लागि मिती २०७९/०८/२० मा तुलसीपुर सहलगानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)

## खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत ऋण सम्झौता कार्यक्रम




(सह-लगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत धादिङबेशी सहलगानी खानेपानी तथा सरसफाई आयोजनाका लागि मिति २०८०।०३।१२ मा निलकण्ठ नगरपालिकासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)




(शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत डाँछी मनोहरा शहरी खानेपानी तथा सरसफाई आयोजनाका लागि मिती २०७९।१०।१७ मा डाँछी मनोहरा उपभोक्ता संस्थासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)



(सह-लगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत घोराही सहलगानी खानेपानी तथा सरसफाई आयोजनाका लागि मिती २०७९।०८।१९ मा घोराही खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम।)




(शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाई आयोजनाको स्तरोन्नतीका लागि मिती २०७९।१०।१८ मा देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँगको सम्पन्न ऋण सम्झौता कार्यक्रम ।)

# प्रादेशिक कार्यशाला गोष्ठी, २०८०

## कोशी प्रदेशस्तरीय कार्यशाला गोष्ठी






## मधेश प्रदेशस्तरीय कार्यशाला गोष्ठी







## वाग्मती प्रदेशस्तरीय कार्यशाला गोष्ठी











## गण्डकी प्रदेशस्तरीय कार्यशाला गोष्ठी











## लुम्बिनी प्रदेशस्तरीय कार्यशाला गोष्ठी











## कर्णाली प्रदेशस्तरीय कार्यशाला गोष्ठी











## सुदुर पश्चिम प्रदेशस्तरीय कार्यशाला गोष्ठी












## राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार निकायहरुसंगको अन्तरक्रियात्मक कार्यक्रमहरु




*(एशियाली विकास बैंकको Nepal Resident Team तथा ADB Manila Team र कोष बीच अन्तरक्रियात्मक कार्यक्रम ।)*



*(साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत प्रथम, दोस्रो र तेस्रो चरणका ७० वटा विभिन्न खानेपानी प्रणालीको सचालन तथा व्यवस्थापन सम्बन्धमा खानेपानी तथा ढल व्यववस्थापन विभाग र कोष बीच अन्तरक्रियात्मक कार्यक्रम ।)*

# शहरी विकास मन्त्रीज्यू, कोषका अध्यक्षज्यू एवम् सदस्यज्यूको स्वागत तथा विदाई कार्यक्रम

















# ३५ औं वार्षिकोत्सव कार्यक्रम

























नगर विकास
३५ औं वार्षिकोत्




The Everest Hotel





नगर विकास कोष
TOWN DEVELOPMENT FUND

मध्य वानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४५९३८६६, ४५६४८७४, ४५८४९५७
इमेल: tdf@tdf.org.np
वेबसाइट: www.tdf.org.np